प्रभाव दैनिक
National Daily

औषधि प्रयोग गर्दा ध्यान दिऔं
- मान्यताप्राप्त स्वास्थ्यकमीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं,
- औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं,
- गर्भवती भएमा सो बारेमा स्वास्थ्यकमीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं,
- औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं,
- औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष १२ | अंक ११६ | काठमाडौं | आइतबार, ०१ भदौ २०८२ | Prabhab National Daily | Sunday, 17 August 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–

# एमाले भरोसायोग्य दल नभएको शेखरको आरोप

■ प्रभाव संवाददाता



- जहाँ खाली जग्गा, त्यहाँ एमालेले आँखा लगाउने गरेको आरोप
- छलकपट गर्ने दल एमाले भएको टिप्पणी
- संघीय निजामती सेवा विधेयकमा भएको अनधिकृत हेरफेरमा एमालेमाथि प्रश्न
- राष्ट्रिय सभामा 'कुलिङ पिरियड' संशोधन गर्न एमाले नेतृत्वले नै आफ्ना सांसदलाई निर्देश गरेको भनाइ

**काठमाडौं–** कांग्रेस-एमालेको सत्ता गठबन्धन निर्माणका एक जना सूत्रधार हुन्- कांग्रेस नेता डा. शेखर कोइराला । उनले कांग्रेस समर्थित माओवादी अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको तत्कालीन सरकार ढाल्न राजनीतिक र रणनीतिकरूपमा भूमिका निर्वाह गरेका थिए ।

एमालेसँग राजनीतिक हिमचिम गर्दै कोशीमा कांग्रेसकै बागी केदार कार्कीलाई मुख्यमन्त्री बनाउन सफल भए । यिनै पृष्ठभूमिबीच डा. कोइरालासमेतको प्रयासमा एमाले नेतृत्वमा कांग्रेस समर्थित सरकार गत वर्षको असार मसान्तमा बन्यो ।

हाल १३ महिने यात्रामा एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री भएको सरकार रहँदा डा. कोइराला कडा आलोचनामा उत्रिँदै आएका छन् । उनले शनिबार एमालेप्रति गम्भीर आरोप लगाउँदै भने, 'जहाँ खाली जग्गा, त्यहाँ एमाले ।'

शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै कोइरालाले अहिले भूमिसम्बन्धी आएको विधेयकमा कांग्रेस सांसदहरूले संशोधन राख्दासमेत त्यसमाथि छलफल गर्न नदिइएको बताउँदै उनले एमालेविरुद्ध कडा टिप्पणी गरेका हुन् ।

उनले भने, 'अहिले भूमिसम्बन्धी विधेयक छ । एमाले त जहाँ खाली जग्गा देख्छ, त्यहाँ एमालेको आँखा गइहाल्दो रहेछ । जहाँ पनि तपाईं हेर्नुस् । यो गोकर्ण रिसोर्ट, राजा वीरेन्द्रको सम्पत्तिमा एमालेका आँखाहरू हेर्नुस् । लिचीबारी पोखराको हेर्नुस्, गिरीबन्धु टी स्टेट हेर्नुस् । जताततै एमालेकोमात्रै सुनिन्छ । संघीय मामिलामन्त्रीले त राजीनामा दिनुभयो । तर भूमिसुधारमन्त्री अहिले पनि जबरजस्ती बसिरहनुभएको छ ।'

उनले एमाले विश्वासयोग्य र भरोसायोग्य दल नै नभएको विश्लेषण गरेका छन् । एमालेलाई बिच्काउने गरी उनले 'छलकपट गर्ने शक्ति'को रूपमा अर्थ्याएका छन् ।

संघीय निजामती सेवा विधेयकमा भएको अनधिकृत हेरफेरको प्रसंग उप्काउँदै उनले भने, 'यसमा लुकेको केही छैन, अहिलेसम्म हामीले लुकायौं अब लुकाउनुपर्ने आवश्यकता छैन । किन छैन भने राष्ट्रिय सभामा एमालेका सांसदहरूले कुलिङ पिरियड हटाउनुपर्छ भनिकन उहाँहरूले संशोधन प्रस्ताव हालिसकेपछि किन त्यस्तो संशोधन हालेको भनेर पत्रकारले सोध्दा हामीलाई माथिको निर्देशन छ भने । एमाले त छलकपट गर्दो रहेछ । त्यसमा पनि दुईमत छैन ।'

क्रमशः पृष्ठ २ मा

# रूपन्देहीबाट नक्खुमा सारिए रवि

- रवि लामिछानेको अड्डासार, नक्खु ल्याइए
- उपचुनावको सम्मुखमा रविको अड्डासार अर्थपूर्ण
- लामिछाने हात हल्लाउँदै पसे थुनामा

■ जेबी योञ्जन



**काठमाडौं–** आगामी १७ कात्तिकमा हुने उपचुनावको सरगर्मी बढेका बेला राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेको अड्डासार भएको छ । रूपन्देही जिल्ला कारागारबाट लामिछानेलाई शनिबार ललितपुरको नक्खु कारागारमा स्थानान्तरण गरिएको हो ।

त्यस क्रममा त्रिभुवन विमानस्थल परिसर र कारागार अगाडि उनका पार्टी कार्यकर्ता तथा समर्थकहरू ठूलो संख्यामा देखिए । लामिछाने हात हल्लाउँदै कारागार पसे । उनी गत जेठमै काठमाडौं आउन चाहन्थे । उनले जेठको दोस्रो साता अड्डासारका लागि निवेदन दिएका थिए । तर, उनको दल रास्वपा र विपक्षी अन्य दलले भिजिट भिसा प्रकरणमा मुछिएका गृहमन्त्री रमेश लेखकसहितको संसद्मा विरोध गरेपछि अड्डासार रोकिएको थियो ।

हालै राष्ट्रिय मानवअधिकार आयोगको टोलीले लामिछानेलाई राखिएको कारागारको अनुगमन गरेको थियो । आयोगकी आयुक्त लिली थापाको नेतृत्वमा भएको अनुममन टोलीले लामिछानेले आधारभूत मानवअधिकार प्रयोग गर्न नपाएको भन्दै सरकारको ध्यानाकर्षण गराएको थियो ।

तर, लामिछानेको अड्डासारलाई लिएर रास्वपामा संशय पैदा भएको छ । उक्त दलका प्रवक्ता मनिष झाका अनुसार दुई कारणबाट लामिछानेको नक्खु कारागारमा अड्डासार भयो । 'पहिलो- रूपन्देही उपनिर्वाचनको सरगर्मी सुरु भएको छ । उहाँलाई त्यहीँ राख्दा रास्वपालाई फाइदा हुने ठानेर सरकारले यही बेला सरुवा गरेको हाम्रो आशंका छ । दोस्रो- लामिछानेलाई काठमाडौं स्थानान्तरण गर्ने निर्णयको अर्को कारण लामिछानेको मानवअधिकारका विषयमा प्रश्न उठेपछि सरकारलाई परेको दबाब हो,' उनले भने

कारागार प्रशासनले जेलको पूर्वाधार, सुरक्षा चुनौती र कैदीबन्दीको चापका कारण लामिछानेलाई उचित सुविधा दिन नसकिएको दाबी गरेको थियो ।

क्रमशः पृष्ठ २ मा

> रुपन्देही उपनिर्वाचनको सरगर्मी सुरू भएको छ । उहाँलाई त्यहीँ राख्दा रास्वपालाई फाइदा हुने ठानेर सरकारले यही बेला सरूवा गरेको हाम्रो आशंका छ । दोस्रो, लामिछानेलाई काठमाडौं स्थानान्तरण गर्ने निर्णयको अर्को कारण लामिछानेको मानवअधिकारका विषयमा प्रश्न उठेपछि सरकारलाई परेको दबाब हो ।
>
> ■ **मनिष झा**
> प्रवक्ता, रास्वपा

## अड्डासारको राजनीति

पूर्वउपप्रधान तथा गृहमन्त्रीसमेत रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने गत वर्षको २५ कात्तिकदेखि थुनामा छन् । उनलाई सहकारी ठगी तथा संगठित अपराधसम्बन्धी मुद्दामा पुर्पक्षका लागि थुनामा पठाउने आदेश अदालतले दिएको थियो । सोहीअनुसार जेलवास भएका लामिछानेलाई गत १६ जेठमा अदालतले काठमाडौं उपत्यकाका कारागारमा स्थानान्तरण गर्न अनुमति पनि दिएको थियो । तर, गृह मन्त्रालयमातहतको कारागार विभागले लामिछानेको अड्डासार रोकेर राखेको थियो । यद्यपि, लामिछानेको सरुवा भयो ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# म्यानपावर कम्पनीको कार्यसम्पादन अध्ययन गर्दै विभाग

## म्यानपावरविरुद्ध परेका उजुरीको वर्गीकरण गरिने

■ ममता थापा




**काठमाडौं–** वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त संस्था (म्यानपावर) कम्पनीको कार्यसम्पादनको अध्ययनमा वैदेशिक रोजगार विभाग जुटेको छ । विशेषगरी ती संस्थाविरुद्ध परेका उजुरीका प्रकृति विश्लेषण गरी कुन-कुन म्यानपावर कम्पनीले कस्तो किसिमको काम गरिरहेका छन् भनेर छुट्याउने तयारीमा विभाग लागेको हो ।

विभागका अनुसार दर्ता भएका म्यानपावर कम्पनी एक हजार ७०० भन्दा बढी छन् । तर, गत आर्थिक वर्ष २०८१/८२ को तथ्यांक हेर्दा करिब एक हजार वटा संस्थाले मात्र सक्रियरूपमा काम गरिरहेका छन् । हाल विभागले प्रत्येक आवमा कसले कति कामदार पठाए भन्ने तथ्यांकमात्र सार्वजनिक गर्दै आएको छ । तर कतिवटा संस्थाले इमानदारीपूर्वक काम गर्छन्, रोजगारीमा जानेहरू समस्यामा पर्छन्/पर्दैनन्, कानुनविपरीतका गतिविधि भइरहेको छ/छैन लगायतमा विषयमा विभागले जानकारी राखेको पाइँदैन । म्यानपावर कम्पनीका यस्ता विवरणहरू यकीन गर्नुपर्ने आवश्यकता महसुस गरी अध्ययनको काम थालिएको विभागको भनाइ छ ।

विभागका महानिर्देशक कमलप्रसाद भट्टराईले अध्ययनको काम सुरु भइसकेको बताए । 'अहिले अध्ययन गरिरहेका छौं । सायद अब हामी चाँडै नै तथ्यांक सार्वजनिक गर्छौं,' उनले प्रभावसँगको कुराकानीमा भने ।

विभागले वर्षभरिको तथ्यांक निकालेर सार्वजनिक गर्ने तयारी गरे पनि बीचमा 'म्यानुअल्ली' काम भएकाले त्यो सम्भव नभएको भट्टराईले बताए । 'एक वर्षभरिको तथ्यांक निकालेर प्रकाशन गरौं कि भनेर लागिपरेका थियौं । तर म आउनुभन्दा अघि छ-सात महिना म्यानुअल्ली काम भएको रहेछ । त्यस्ता फाइलहरू हेरेर के विषयमा कस्तो उजुरी आएको थियो भन्ने संकलन गर्ने काम हुँदै छ,' महानिर्देशक भट्टराईले भने, 'कामको चापका कारण सबै तयारी गर्न भ्याइनसके पनि अब त्यो कम्पाइल गरिसकेपछि सार्वजनिक गर्छौं ।'

अध्ययनबाट संख्यात्मक विश्लेषणसहितको तथ्यांक बाहिर ल्याइने उनले बताए । संख्यात्मक तथ्यांकमात्रै आउने हुँदा म्यानपावरको नाम भने सार्वजनिक हुने छैन । विभागले विशेषगरी उजुरीकै आधारमा छुट्याउने भए पनि उजुरी पर्दैमा संस्था दोषी हुन्छ भन्ने नभएको भट्टराईले बताए । उजुरीलाई विभिन्न तरिकाबाट हेरेर सही र गलत छुट्याइने उनको भनाइ छ ।

क्रमशः पृष्ठ २ मा



> अहिले अध्ययनको काम जारी छ । के विषयमा कस्तो उजुरी आए भन्ने संकलन गर्ने काम हुँदै छ । सायद अब हामी चाँडै नै तथ्यांक सार्वजनिक गर्छौं ।
>
> ■ **कमलप्रसाद भट्टराई**
> महानिर्देशक
> वैदेशिक रोजगार विभाग






## पृष्ठ १ बाट क्रमशः

### रूपन्देहीबाट...

तर, उनलाई स्थानान्तरण गर्न लागिएको नक्खु कारागारमा पनि क्षमताभन्दा धेरै कैदीबन्दी छन् । गत असारको विवरणअनुसार उक्त कारागारमा एक हजार २९२ जना कैदीबन्दी छन् ।

प्रभावसँग संक्षिप्त कुराकानी गर्दै कारागार व्यवस्था विभागका महानिर्देशक लीलाप्रसाद शर्माले लामिछानेलाई ल्याएको नक्खु कारागारमा पनि देशका अधिकांश कारागारमा जस्तै क्षमताभन्दा धेरै नै कैदीबन्दी रहेको बताए । शर्मा भन्छन्, 'उहाँकै अनुरोध र अदालतकोसमेत अनुमति भएपछि हामी उहाँलाई उठायौं ।'

चार महिनादेखि रूपन्देही कारागारमा रहेका लामिछानेलाई कोठा बाहिर निस्कनसमेत नदिइएको विषयमा मानवअधिकार आयोगले ध्यानाकर्षण गराएको थियो । नक्खु कारागारमा सारेपछि त्यस्तो अवस्था अन्त्य होला ? भन्ने प्रश्नको जवाफमा महानिर्देशक शर्मा भन्छन्, 'कारागार कार्यालयले अन्य कैदीबन्दीजस्तै उनलाई पनि उपलब्धताका आधारमा सुविधा दिने हो । यहाँ रूपन्देहीमा भन्दा केही फरक त होला ।'

रूपन्देहीको सुप्रिम बचत तथा ऋण सहकारी संस्थाको बचत अपचलनमा लामिछानेविरुद्धको मुद्दा रूपन्देही जिल्ला अदालतमा विचाराधीन छ । पूर्वउपप्रधान तथा गृहमन्त्री लामिछानेलाई यसअघि उच्च र सर्वोच्च अदालतले मुद्दाको अन्तिम फैसला नहुँदासम्म थुनामा पठाउन आदेश दिएका थिए । तीनवटै तहका अदालतमा पुनरावेदनको ढोका बन्द भएको ठानिएका बेला लामिछानेले मुलुकी अपराध कार्यविधि संहिताको अर्को व्यवस्थाअन्तर्गत आफूलाई थुनामुक्त गर्न एक साताअघि निवेदन दिएका थिए । रूपन्देही जिल्ला अदालतले गत साता उनको पछिल्लो निवेदन अनुसार थुनामुक्त गर्न अस्वीकार गरेको थियो ।

यसअघि गएको माघ १३ गते रूपन्देही जिल्ला अदालतले लामिछानेलाई एक करोड धरौटी लिएर छाड्न आदेश दिएको थियो । तर चैत २२ गते उच्च अदालत तुल्सीपुरको बुटवल इजलासले जिल्ला अदालतको आदेश उटचाउँदै त्यसको दुई महिनापछि उनलाई पुनः थुनामा पठायो । आफ्नो दलका सभापतिलाई राज्यले प्रतिशोध साँधेर मुद्दा चलाएको दाबी गर्दै आएको रास्वपाले आफ्नो मुद्दामा समर्थन खोज्दै असार ७ गतेबाट सर्वसाधारणहरूको हस्ताक्षर संकलन गरिरहेको छ ।

■■■

### एमाले...

ओली सरकारले नेपाल विद्युत् प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाउँदा पनि डा. कोइराला कडा आलोचक देखिएका थिए । उनले त्यस्तै परे ओली फेरि संसद् विघटन गर्ने दिशामा अघि बढ्ने भन्दै चेतावनी दिएका छन् ।

ओली सरकारले काम गर्न नसकेको भनेर कोइराला विरोध गरिरहन्छन् । सरकारको काम जनअपेक्षित नभएको भन्दै उनी विपक्षी दलका नेताभन्दा चर्का सुनिन्छन् ।

डा. कोइरालाले यसअघि नै गठबन्धन 'ब्रेक' गर्नुपर्ने मतसमेत राखिसकेका छन् । कांग्रेसको स्थायी प्रतिपक्षी नेताजस्ता देखिने उनी सरकारका पनि अविच्छिन्न प्रतिपक्षी हुन् । उनी दुईतिहाइको बलियो सरकारले जनतामा आशा जगाउनेगरी काम गर्न नसकेको भन्दै ओली सरकारको उछितो पनि काट्छन् । यसप्रति एमाले नेताहरू पनि कहिलेकाहीँ आक्रोशित भएर प्रस्तुत हुन्छन् ।

एमाले सचिव पद्म अर्यालका अनुसार सत्तापक्षीय नेताहरू विपक्षी नेताजस्ता देखिनु हुँदैन । गठबन्धनको अनुशासनविरोधी कोही हुनु हुँदैन । तर, कांग्रेस नेता कोइराला त्यसरी नै प्रस्तुत हुने गरेको भन्दै अर्यालले असन्तुष्टि जनाइन् ।

■■■

### अड्डासारको...

आगामी १७ कात्तिकमा भने रूपन्देही-३ मा उपनिर्वाचन हुँदै छ । चुनावी माहोलमा सभापति लामिछाने रूपन्देहीमै रहनुलाई रास्वपाले राजनीतिकरूपमा फाइदाजनक लिएको थियो ।

त्यहीबीच सभापति लामिछानेलाई सुनाउन कारागार पुगेका उपसभापति डा. स्वर्णिम वाग्लेले उपनिर्वाचनकै बेला लामिछाने रूपन्देही कारागारमै रहनुले अर्थ राख्ने दाबी गरेका थिए । उनले रविको रूपन्देहीमा बसाइँले चुनावमा सहयोग पुग्ने भन्दै १५ साउनमा भनेका थिए, 'पार्टी सभापति रवि लामिछाने रूपन्देहीमा हुनुहुन्छ, रूपन्देही-३ मै हुनुहुन्छ होइन । पहिला अड्डासार माग्दा दिएनन्, अहिले चाहिँ रूपन्देही- ३ मा हुनुहुन्छ, अब यहाँ त अलिअलि प्रभाव त परिहाल्छ नि ।'

२८ साउनमा संसद्को कानुन, न्याय तथा मानवअधिकार समितिमा सांसद सोविता गौतमको प्रश्नको जवाफ दिँदै गृहमन्त्री लेखकले भनेका थिए, 'कारागार सार्ने विषय अगाडि बढेको छ । अदालतको पनि अनुमति प्राप्त छ । उहाँको निवेदन पनि छ । सरकारले सुरक्षाका सबै कुरा हेरेर कुन कारागारमा सार्ने भन्ने निर्णय गर्नुपर्छ । यो कुरा मैले गम्भीरतापूर्वक लिएको छु ।'

यसरी सुरुमा लामिछानेको अड्डासारको विषयमा कठोर बनेको सरकार पछिल्लो समय लचिलो बन्यो, जुन रूपन्देही-३ को उपनिर्वाचनसँग जोडिएको बताइन्छ ।

■■■

### म्यानपावरको ..

'उजुरी हालेपछि दुईवटा पक्ष आउँछन् । अनि 'फेस टु फेस' कुरा गराइसकेपछि को सही, को गलत भनेर थाहा हुन्छ,' उनले भने, 'कतिपय अवस्थामा म्यानपावर स्वयंले मैले त गल्ती गरेछु, कामदारलाई दुई-चार हजार बढी दिन्छु भनेर गएको अवस्था छ । कतिपय अवस्थामा पीडितले माग्ने र पीडकले दिन्छु भनेको रकम मेल नखाँदा बीचमा सहमतिमा आएको अवस्था छ ।'

यता नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङ कार्यसम्पादनका आधारमा म्यानपावर छुटचाउने मापदण्ड प्रस्ट हुनुपर्ने बताउँछन् । बदमासी गर्ने, कानुनविपरीतका संस्थाहरू बन्द हुने गरेको उनको भनाइ छ ।

'यस विषयमा राम्रोसँग छलफल भएको छैन । यदि नराम्रै गरेको छ, ठगी भइरहेको छ भने त बन्द भइहाल्छ नि,' गुरुङले भने, 'राम्रो भनेर थोरै पठाउनेलाई भन्ने कि, धेरै पठाउनेलाई भन्ने ? कस्तोलाई राम्रो भन्छ ? सबै हेर्न पर्‍यो । यदि यस्तो भयो भने औसत भएका व्यवसायीले व्यवसाय गर्न नपाउला नि ?'


**बिमालेख हराएको सूचना**

मिति २०८२/०३/२८ गते काठमाडौंस्थित नयाँबजार देखि कालिमाटी जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : सुशान्त श्रेष्ठ**
**बिमालेख नं.:** LIC 100127053
Lic (Nepal) Ltd.
**ठेगाना : नयाँबजार, काठमाडौं**
**सम्पर्क नं : ९८४१२१८२५५**

**बिमालेख हराएको सूचना**

मिति २०८२/०३/२८ गते पोखरा देखि काठमाडौं जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : जङ्ग्रीला केसी (Jangrila kc)**
**बिमालेख नं.:** LIC 180004893
Lic (Nepal) Ltd.
**ठेगाना : पोखरा, कास्की**
**सम्पर्क नं : ९८४१२१८२५५**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/०९/२९ मा दर्ता भएको प्रा.लि.नं. २५२८१८ को **अब्बल मल्टी बिजिनेस कम्पनी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०४/२२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/०९/२९ मा दर्ता भएको प्रा.लि.नं. २५२८१८ को **अब्बल मल्टी बिजिनेस कम्पनी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०४/२२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**साउदीमा रोजगार** कम्पनी : DEAN PROJECTS CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०४/२६ LT. No. 328894 चलानी नं. ६०२४३१६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Operator | 1 | 0 | 1800 | ६७,१९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ७ गते (23th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/– | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ishan Overseas Pvt. Ltd.** श्रम इजाजत नं. ५३२/२०६१/०६२
Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273, E-mail : maniishannepal@gmail.com

**मलेसियामा रोजगार** कम्पनी : SYARIKAT KAWALAN SERI PADANG SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/३१ LT. No. 324552 चलानी नं. ६०२३८७३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 60 | 0 | 1700 | ५६,४४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौं र इटहरी शाखा कार्यालयमा मिति: २०८२ भदौ ८ र ९ गते (24 & 25th Aug. 2025) मा हुनेछ ।
संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १० गते (26th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD
1610/079/80
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np


# सरकारी कामकाजको भाषामा वान्तवा र चाम्लिङलाई समेट्न माग

**काठमाडौं (प्रस)–** कोशी प्रदेशसभामा यही साउन २२ गते सरकारी कामकाजको भाषासम्बन्धी विधेयक दर्ता भएसँगै सो विधेयकमा प्रस्तावितबाहेकका अन्य भाषा पनि समेट्न माग गरिएको छ । विधेयकमा मैथिली र लिम्बू भाषामात्र सरकारी कामकाजको भाषामा प्रस्ताव गरिएको छ ।

ती दुईवटामात्र भाषा प्रस्ताव गरिएपछि प्रदेशको बहुसंख्यक किरात राई समुदायले कम्तीमा तत्कालका लागि राईअन्तर्गतका वान्तवा र चाम्लिङ भाषालाई पनि सरकारी कामकाजको भाषामा विधेयकमा समेट्न माग गरेका छन् । किरात राई यायोक्खाले प्रेस विज्ञप्ति जारी गरी 'राई जाति एक, भाषा अनेक' भएकाले त्यसैलाई कमजोरी ठानेर राईअन्तर्गतका भाषालाई सरकारी कामकाजको भाषाबाट वञ्चित गराउन नहुने जनाएको छ । जसका लागि विधेयक संशोधनको माग यायोक्खाले गरेको छ ।

सरकारी कामकाजको भाषालाई लिएर प्रदेशसभामा रहेका किरात समुदायका प्रदेशसभा सदस्यहरूलेसमेत संशोधनको माग गरेका छन् । प्रदेशसभा सदस्य राजन किरातीले भाषा ज्ञानमात्र नभएर एउटा जीवनपद्धति पनि रहेको बताए । उनले लोकतान्त्रिक संविधानले बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक, बहुजातीय मुलुकको रूपमा देशलाई स्वीकार गरिएको उल्लेख गरे । 'संविधानले नेपालमा बोलिने हरेक भाषाहरू राष्ट्र भाषा हुन् भनेको छ,' उनले भने, 'राईभित्र हामी २६ भाषी छौं । राईमात्रै भन्ने छुट्टै भाषा छैन, तर जनसंख्याको हिसाबले सबैभन्दा ठूलो राई नै छ । यसैअन्तर्गतका भाषालाई किन कामकाजको भाषासम्बन्धी विधेयकमा प्रस्ताव गरिएन ?'

कोशी प्रदेशको ओखलढुंगा, सोलुखुम्बु, खोटाङ, उदयपुर, भोजपुर, धनकुटा, इलाम र संखुवासभा मूल थातथलो भई प्रदेशका सबै जिल्लामा फैलिएका पहिलो जनसंख्या राईहरूको छ । समग्र किरात राईहरूको प्रतिनिधित्व हुनेगरी वान्तवा र चाम्लिङ भाषालाई सरकारी कामकाजको भाषामा समावेश गरिनुपर्ने भाषाविज्ञहरू बताउँछन् ।

राईहरूको फरक-फरक भाषालाई सानो संख्यामा विभाजन गरी सरकारी कामकाजको भाषाका लागि अयोग्य ठान्न नहुने त्रिभुवन विश्वविद्यालय भाषाविज्ञान केन्द्रीय विभागका उपप्राध्यापक डा. तारामणि राई बताउँछन् ।

कोशी प्रदेशमा वि.सं. २०७८ को जनगणना अनुसार राईको संख्या छ लाख ४० हजार ६७४ रहेको छ । त्यसैगरी मैथिली भाषी पाँच लाख ७९ हजार ३४७ र लिम्बूभाषी तीन लाख ३२ हजार ५१२ रहेका छन् । भाषा आयोगले निर्धारण गरेको सरकारी कामकाजका लागि भाषाको सामर्थ्यलाई आधार मान्ने हो भनेपनि सबैभन्दा सामर्थ्यवान् वान्तवा र चाम्लिङ भाषा नै रहेको इतिहास तथा संस्कृतिका अध्येता भोगीराज चाम्लिङको दाबी छ ।

'पाठचक्रम, पाठचपुस्तक निर्माण, लिपीको अभ्यास र पठनपाठनका दृष्टिले आधारभूत तहदेखि विश्वविद्यालयसम्ममा यी भाषाहरू पढाइ हुन थालिसकेका छन् । त्यसैले सामर्थ्यका दृष्टिले यी भाषा प्रदेशको सरकारी कामकाजको भाषामा छुटाउनै नहुने भाषा हुन् । राईअन्तर्गतकै अन्य भाषाहरू स्थानीय तहहरूमा प्रयोग गर्ने गरी लागु गर्नु जरुरी छ,' उनले भने ।

नेपालको संविधानको धारा ७ मा सरकारी कामकाजको भाषा सम्बन्धी व्यवस्था गरिएको छ । धारा ७(२) मा नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने छ, भनिएको छ । त्यसैगरी धारा ७(३) मा भाषा आयोगको सिफारिसमा सरकारले निर्णय गरेबमोजिम हुने उल्लेख छ ।

भाषा आयोगले नै चाम्लिङ र वान्तवा भाषालाई पनि सरकारी कामकाजको भाषा बनाउन सकिने गरी सिफारिस गरेको छ । प्रदेशमा एक प्रतिशतभन्दा अधिक वक्ता संख्या भएका भाषाहरूको शीर्ष क्रमका आधारमा प्रदेशको सरकारी कामकाजको भाषाको सम्भाव्य सूचीमा नेपालीबाहेक १३ वटा सिफारिस गरिएको छ । तर कोशी प्रदेश सरकारले मैथिली र लिम्बू भाषालाई मात्र सरकारी कामकाजको भाषाको रूपमा विधेयकमा प्रस्ताव गरेको हो ।प्रदेशको नामकरणमै असन्तुष्टि जनाउँदै आएका किरात राई समुदायले प्रस्तावित भाषासम्बन्धी विधेयक संशोधन नगरिएमा विद्रोहको चेतावनी दिएका छन् ।

**Bagamati Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office**

## Invitations for Bids

**IBF NO:-IDODLK/IFB-02/2082/83**

*Date Of Invitation Of Bid:-Aug 17, 2025(2082/05/01)*

1. Infrastructure Development office (IDO),Dolakha invites electronic bids from eligible bidders for the Upgrading/Construction of Road contracts mentioned below.

| S. N. | Contract Id | Project name | Estimated Amount in NRs(Exclusive of VAT) | Bid Security in NRS. |
|---|---|---|---|---|
| 1 | IDODLK/W/NCB/21/082/083 | Pakheragaun Upallomudi Sadak Staronnati Baiteshwor Ga. Pa. -1, Dolakha | 17,18,360.68 | 48,500.0 |
| 2 | IDODLK/W/NCB/22/082/083 | Borkhola Dhad Magartole Sadak, Baiteshwor Ga. Pa. -1, Dolakha | 43,00,215.87 | 121,500.0 |
| 3 | IDODLK/W/NCB/23/082/083 | Pokhari tole Dandokhola Sadak dhalan, Baiteshwor Ga. Pa. -1, Dolakha | 17,18,360.68 | 48,500.0 |
| 4 | IDODLK/W/NCB/24/082/083 | Busti Dahal tar Meldanda Sadak Staronnati, Baiteshwor Ga. Pa. -6, Dolakha | 17,18,360.68 | 48,500.0 |
| 5 | IDODLK/W/NCB/25/082/083 | Krishi Thadosim Patlekhola Sadak Staronnati, Bhimeshwor Na. Pa. -8 , Dolakha | 1,54,80,777.13 | 437,000.0 |
| 6 | IDODLK/W/NCB/26/082/083 | Gamnagi Thalnagi Hattichhahara Sadak Staronnati, Bhimeshwor Na. Pa. -8 , Dolakha | 28,38,171.23 | 80,000.0 |
| 7 | IDODLK/W/NCB/27/082/083 | Mohar Gaun dekhi Bhittaghar sammako Sadak Staronnati, Bhimeshwor Na. Pa. -8 , Dolakha | 17,18,360.70 | 48,500.0 |
| 8 | IDODLK/W/NCB/28/082/083 | Deurali, Sundrawati Prayatakiya Sadak , Bhimeshwor Na. Pa. - 1 , Dolakha | 34,40,336.83 | 97,000.0 |
| 9 | IDODLK/W/NCB/29/082/083 | Gumba Danda dekhi Karki Gaun samma jane Sadak, Bhimeshwor Na. Pa. - 8 , Dolakha | 17,18,360.70 | 48,500.0 |
| 10 | IDODLK/W/NCB/30/082/083 | Basnko Dil Thokpale Tindhara Sadak Staronnati, Bhimeshwor Na. Pa. - 1 , Dolakha | 17,18,360.68 | 48,500.0 |
| 11 | IDODLK/W/NCB/31/082/083 | Durga Ma.Bi. hudai Bhumethan Namuna Pra.Bi. jane Sadak, Shailung Ga. Pa. - 4, Dolakha | 43,00,215.87 | 121,500.0 |
| 12 | IDODLK/W/NCB/32/082/083 | Alpare Magafedi Sadak Staronnati, Shailung Ga. Pa. - 4, Dolakha | 17,18,360.68 | 48,500.0 |
| 13 | IDODLK/W/NCB/33/082/083 | Kalika Mandir dekhi Pokhare Khanda Sadak Staronnati, Melung Ga. Pa. - 2, Dolakha | 17,18,360.68 | 48,500.0 |
| 14 | IDODLK/W/NCB/34/082/083 | Upallogaun Dandagaun Loktantrik Kaulekhola Sadak Staronnati, Melung Ga. Pa. - 2, Dolakha | 92,88,466.28 | 262,000.0 |
| 15 | IDODLK/W/NCB/35/082/083 | Wada Karyalaya Sadak, Tamakoshi Ga. Pa. - 4 , Dolakha | 17,18,360.68 | 48,500.0 |
| 16 | IDODLK/W/NCB/36/082/083 | Thulokhola Gairigaun, Sitapaila Sadak Staronnati, Tamakoshi Ga. Pa. - 3 , Dolakha | 51,60,259.04 | 145,500.0 |
| 17 | IDODLK/W/NCB/37/082/083 | Khawa Khudurke Hanumante Sadak Staronnati Jiri - 7, Dolakha | 12,88,770.51 | 36,500.0 |
| 18 | IDODLK/W/NCB/38/082/083 | AaranDanda - Dobang Sadak Staronnati, Jiri Na. Pa. - 5, Dolakha | 43,00,215.87 | 121,500.0 |
| 19 | IDODLK/W/NCB/39/082/083 | Prayatakiya Nagari Jiribazaar Gokuleshwor Mahadev sthan Dhungeshwori Mahadev sthan tatha Toni | 17,18,360.68 | 48,500.0 |
| 20 | IDODLK/W/NCB/40/082/083 | Road & Bridge Protection works at Left bank Upstream of Rate Pul (Bhadrawati Khola) along Sunkhani Sangba Bigu Ghumba Sadak | 42,99,918.56 | 121,500.0 |

2. Cost of each Bidding Document is NRs. 3,000.00
3. Pre-bid meeting shall be held on 5th September, 2025 at 11:00 AM in Infrastruecture Development Office ,Dolakha
4. Last Date of Bid Submission is 16th September,2025 at 12:00 and bid Opening Shall takeplace in Infrastruecture Development Office ,Dolakha on 16th September,2025 at 1:00 PM
5. Detail Information related to respective invitation for bids can obtain from PPMO's e-GP system website: http://www.bolpatra.gov.np

**Office Chief**



कृष्ण जन्माष्टमीको अवसरमा शनिबार ललितपुरको पाटनस्थित कृष्णमन्दिरमा भगवान् कृष्णको पूजा गर्न लाइनमा बसेका भक्तजनहरू । *तस्बिरः हरि महर्जन/सिन्ह्वा*

# कोप–३० को तयारी सुरु
# जलवायु वित्तका विषयमा केन्द्रित हुने

■ **भीष्मराज ओझा**



**काठमाडौं–** जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धिका पक्ष राष्ट्रहरूको ३०औं सम्मेलन (कोप-३०) का लागि नेपालले तयारी प्रारम्भ गरेको छ ।

कोप-३० आगामी नोभेम्बर १० देखि २१ तारिख (आगामी कात्तिक २४ देखि मंसिर ५ गतेसम्म) सम्म ब्राजिलको बेलेममा आयोजना हुँदै छ । यो सम्मेलन जिवाश्म इन्धनको खपत विस्थापन, वन, समुद्र र जैविक विविधता संरक्षण अभिवृद्धि, कृषि र खाद्य प्रणालीको रूपान्तरण, मानव पक्षपोषण र सामाजिक विकास तथा प्रविधि, क्षमता अभिवृद्धिललगायत एकअर्कामा गासिएका विषयमा छलफल केन्द्रित हुने जनाइएको छ । त्यसका लागि ब्राजिल सरकारले प्रस्ताव अघि बढाएको छ ।

नेपालले पनि गत जेठमा सम्पन्न गरेको सगरमाथा संवादका निष्कर्ष 'सगरमाथा आह्वान' को हिमाल संरक्षणलगायत विषयलाई जोडदार रूपमा उठाउने गरी तयारी थालेको छ । वन तथा वातावरण मन्त्रालयले शुक्रबार नेपालका लागि ब्राजिलका राजदूत, सरोकारवाला सरकारी तथा गैरसरकारी र विकास साझेदारका प्रतिनिधिसहितको बैठक गरी कोप-३० को तयारी थालेको छ ।

वनमन्त्री ऐनबहादुर शाही ठकुरीले मन्त्रालयले कार्ययोजना बनाइ सम्मेलनको तयारी थालेको बताउँदै विगतका अनुभवलाई ध्यानमा राखेर अघि बढ्ने उल्लेख गरे । उनले भने, 'सबैका आवाज र साथ लिएर चुस्त टिमका साथ सम्मेलनमा सहभागिता जनाउँनेछौं । नेपालले विगत वर्षहरूका कोपबाट पनि धेरै अनुभव हासिल गरेको छ । कमीकमजोरी हुन नदिन थप सशक्त तयारी गर्नेछौं । सम्मेलनमा जलवायु वित्त, कार्बन व्यापार, जलवायु अनुकूलन र न्यूनीकरण, जलवायुजन्य हानी नोक्सानीलगायत विषयलाई सशक्त रूपमा उठाउने गरी तयारी अघि बढाएका छौं ।' यसपटकको सम्मेलन नेपालबाट धेरै टाढा रहेको ब्राजिलको मुख्य सहरभन्दा टाढा सम्मेलनस्थल भएकाले कम पूर्वाधारका कारण आगन्तुकको बसाइ खर्चिलो हुने बताइएको छ ।

विश्वव्यापी जलवायु परिवर्तनका कारण नेपाल उच्च जोखिममा रहेको मुलुकमध्येमा पर्दछ । जलवायु परिवर्तनको असर विशेषगरी हिमाली क्षेत्रमा हिमताल पग्लने र विष्फोट हुने, पहाडी क्षेत्रमा पहिरो र सुक्खा खडेरी र तराई मधेसमा बाढीपहिरोहरू देखिन थालेको मन्त्री शाहीले बताए । हिमाल, पहाड र तराई/मधेसमा बसोबास गर्ने गरिब, साना किसान, सीमान्तकृत आदिवासी, महिला, बालबालिका, अशक्त, तथा ज्येष्ठ नागरिक बढी प्रभावित बनेका छन् ।

## सगरमाथा संवादका निष्कर्षलाई प्राथमिकताका साथ उठाइने

मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव डा. महेश्वर ढकालले सम्मेलनको तयारीका लागि पेभिलियन र साइड कार्यक्रमको अवस्था, राष्ट्रिय अवधारणापत्र तयारी, प्रतिनिधि मनोनयनको निर्देशिका स्वीकृति, अन्तरमन्त्रालय समन्वय, अमेरिकाको न्युयोर्कमा रहेको नेपाली स्थायी नियोगसँग समन्वय, सगरमाथा आह्वान कार्यको बारेमा अन्तरक्रियालगायत विषयमा छलफल गरिने जानकारी दिए ।

'यसका साथै राष्ट्रिय वातावरण तथा जलवायु परिवर्तन परिषद्को बैठक, कोप सम्मेलनको पूर्वतयारी बैठक, राष्ट्रिय जलवायु परिवर्तन परिषद् बैठक, पेरिस सम्झौताको धारा ६ अन्तर्गतको छलफल, संयुक्त राष्ट्रसंघका महासचिवले जलवायु कार्यमा नेपालको एनडिसीको उच्चस्तरीय सहभागिता तयारी गर्नेछौं,' उनले भने, 'नयाँ वार्ता समूह दर्ता, उच्चस्तीय शिखर सम्मेलनको तयारी, सम्बन्धित अधिकारीहरूलाई तालिम, मनोनीत प्रतिनिधिहरूको भूमिका विभाजन, कोप-३० मा भाग लिनका लागि आचारसंहिता, कोप-३० को भर्चुअल अनुगमन र समन्वय संयन्त्रलगायतका विषयमा तयारी गर्नेछौं ।'

पेरिस सम्झौताअनुसार विश्व समुदायले यस शताब्दीको अन्त्यसम्ममा पृथ्वीको तापक्रम १.५ डिग्री सेल्सियसभन्दा बढ्न नदिन सहमति गरे पनि सन् २०५० भन्दा पहिले नै हिमाली क्षेत्रको तापक्रम सरदर १.८ डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको छ । साथै, उच्च तापक्रम वृद्धिले गर्दा यस क्षेत्रमा रहेका हिमालका दुईतिहाइ हिम भण्डार पग्लने अनुमान अध्ययनले गरेका छन् ।

युथ एलाइन्स फर इन्भायरोन्मेन्ट (युएई) अध्यक्ष सनोत अधिकारीले यस सम्मेलनमा नेपालले खासगरी युवाका विषयका साथै जलवायु वित्त, हरित जलवायु कोष र हानी नोक्सानी कोषमा पहुँच र सरलीकरण विषय, कार्बन व्यापार, जलवायु अनुकूलन र न्यूनीकरणलगायत विषयमा आवाज उठाउनुपर्ने बताए । यसका साथै नेपालले सगरमाथा संवादको निष्कर्ष 'सगरमाथा आह्वान'का विषयका साथै नेपालले जलवायु परिवर्तनमा गरेका राम्रा अभ्यासका बारेमा सशक्त रूपमा आवाज उठाउन मन्त्रालयलाई सुझाव दिए ।

कोप-३० मा नेपालबाट राष्ट्रप्रमुख वा सरकार प्रमुख तहको उच्चस्तरीय सहभागिता जनाउनेगरी मन्त्रालयले तयारी गरिरहेको छ । यस सम्मेलनमा सम्भवतः प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा नेपालले सहभागिता जनाउने छ । पछिल्लो समय उनले जलवायु परिवर्तन र वातावरणका विषयमा प्राथमिकताका साथ चासो लिँदै आएका छन् ।

नेपालबाट हालसम्म पाँच सम्मेलनमा राष्ट्र/सरकार प्रमुखस्तरबाट सहभागिता भएको छ । सन् २००९ डेनमार्कको कोपनहेगनमा भएको १५औं सम्मेलनमा तत्कालीन प्रधानमन्त्री माधव नेपाल, सन् २०१८ मा पोल्याण्डमा भएको २४औं सम्मेलनमा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारी, सन् २०२१ मा संयुक्त अधिराज्यको स्कटल्याण्डमा भएको २७औं सम्मेलनमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा, सन् २०२३ मा युएईको दुबईमा भएको कोप-२८ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल र गत वर्ष अजरबैजानको बाकुमा भएको कोप-२९ सम्मेलनमा वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलको नेतृत्वको नेपालले उच्चस्तरीय सहभागिता जनाएको थियो ।

उच्चस्तरीय प्रतिनिधत्वले सम्बन्धित मुलुकले सम्मेलनलाई कति गम्भीररूपमा लिएको छ भन्ने सन्देश जाने र यसले निर्णय क्षमता र कार्यान्वयनमा ठूलो महत्त्व राख्ने कूटनीतिक विषयका जानकारहरूको भनाइ छ । वैज्ञानिक अध्ययनअनुसार हिमाली क्षेत्रको तापक्रम वर्तमान तथा भविष्यमा विश्वको औसत तापक्रमको दाँजोमा ०.३ डिग्री सेल्सियसदेखि ०.७ डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको छ । परिवर्तित जलवायुका कारण नेपालमा पछिल्लो समय मनसुनी वर्षाको प्रकृति, मात्रा तथा समय तालिकामा व्यापक हेरफेर देखिन थालेको छ । यसप्रकारको हेरफेरका कारण उत्पन्न हुने जलवायुजन्य प्रकोप र विपद्ले गर्दा नेपाली जनताले बहुपक्षीय चुनौतीको सामना गर्नुपरिरहेको छ । *रासस*

# दर्ता भएर सञ्चालनमा नरहेका विद्यालयको अनुमति खारेजी गरिने

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** काठमाडौं महानगरपालिका (कामपा)ले आफ्नो मातहतमा दर्ता भएका तर सञ्चालनमा नरहेका संस्थागत विद्यालयहरूको अनुमति खारेजीको तयारी थालेको छ ।

कामपा शिक्षा विभागले यस्ता विद्यालयहरूको स्थलगत अनुगमन गरी खारेजीका लागि थप प्रक्रियामा जाने तयारी गरेको कामपाले जानकारी दिएको छ । वैकल्पिक विद्यालयहरू महिला ज्योति, जायना र जेम्स नमूनालाई स्थानान्तरण अनुमति दिइएको कामपाकी उपप्रमुख सुनिता डंगोलले जानकारी दिइन् ।

उनका अनुसार २५ वटा विद्यालयको नाम परिवर्तनका लागि अनुमति दिइएको छ । सामुदायिक तथा संस्थागत विद्यालयहरूको कक्षा र विषय थप, नाम र स्थान परिवर्तन, स्वामित्व परिवर्तन, सञ्चालनमा नरहेका विद्यालयहरूको अनुमति खारेजी, वैकल्पिक विद्यालय स्थानान्तरणजस्ता विषय कामपाको शिक्षा समितिमा छलफलको क्रममा रहेको उनले जानकारी दिइन् । रानीदेवी माध्यमिक विद्यालय, रानीबारीलाई शैक्षिक सत्र २०८२ देखि कक्षा १० सञ्चालन गर्न अनुमति दिइएको छ । पशुपति मित्र, गीतामाता, जनकल्याण, जनपथ र नेपाल आदर्श माध्यमिक विद्यालयलाई प्राविधिक धारमा कक्षा १२ मा सिभिल र कम्प्युटर इञ्जिनियरिङ विषय थप गर्न अनुमति प्रदान गरिएको छ ।

संस्थागत विद्यालयहरूको कक्षा र विषय थपका लागि १२ वटा विद्यालयलाई अनुमति दिने तयारी पनि कामपाले गरेको छ । त्यस्तै नाम परिवर्तनका लागि कागजात पेस गरेका २१ वटा विद्यालयलाई अनुमति दिइएको छ । संस्थागत विद्यालयको स्थानान्तरणका लागि आवश्यक मापदण्ड तयार गरी आगामी शिक्षा समितिको बैठकमा पेस गर्न कामपा शिक्षा तथा स्वास्थ्य समितिलाई जिम्मेवारी दिइएको छ ।

आर्थिक वर्ष २०८२/८३ को शिक्षा क्षेत्रको बजेट र 'बुक फ्रि फ्राइडे' कार्यक्रमको उपयोगिता, सान्दर्भिकता र परिमार्जनका लागि शिक्षा तथा स्वास्थ्य समितिमार्फत १५ दिनभित्र प्रतिवेदन पेस गर्ने तयारी कामपाको छ ।

सामुदायिक विद्यालयको शैक्षिक सुधारका लागि डा. सुरजराज काफ्लेको संयोजकत्वमा कार्यदल गठन गरिएको छ । कार्यदलले विद्यालय सञ्चालनको मापदण्ड, सामाजिक र स्रोत नक्सांकन, भौतिक संरचना, शैक्षिक गुणस्तर र दीर्घकालीन शिक्षा योजनाका लागि सुझावसहितको प्रतिवेदन पेस गर्ने छ प्रारम्भिक बाल विकासको अभिलेखीकरण विधान दर्ताका लागि शिक्षा विभागले अध्ययन गरी कार्य गर्ने कामपाले जनाएको छ ।

# 'प्रसूतिगृह लाखौं आमा र शिशुको जीवन जोड्ने राष्ट्रिय धरोहर'

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले महिला स्वास्थ्यसम्बन्धी विशिष्टीकृत अस्पतालका रूपमा रहेको परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल लाखौं आमा र शिशुको जीवन जोड्ने राष्ट्रिय धरोहर रहेको बताएका छन् ।

परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालको ६६औं वार्षिकोत्सवमा उनले प्रसूतिगृह नेपालको स्वास्थ्य क्षेत्रको विकासको साक्षी रहेको बताए । उनले भने, 'अस्पतालले सुरु गरेको नियोनेटल स्क्रिनिङ, मिल्क बैंकजस्ता कार्यक्रमले नवजात शिशुको मृत्युदर घटाउन महत्त्वपूर्ण भूमिका खेल्नेमा म विश्वस्त छु । सरकारले हालै ल्याएको निःसन्तान उपचार मापदण्डको सफल कार्यान्वयनमा यस अस्पतालको पुनःस्थापित आइभिएफ सेवाले नेतृत्वदायी भूमिका खेल्ने छ ।'

मन्त्री पौडेलले भविष्यमा यस अस्पतालमा ११ शयचा थप गरेर ५०० शयचा बनाइने बताए । उनले काठमाडौंका दुई नगरपालिकामा २५/२५ शयचाको स्याटेलाइट प्रसूति अस्पताल निर्माणको सम्झौता गरेर उपत्यकाको बढ्दो चापलाई व्यवस्थापन गर्ने तयारी रहेको जानकारी गराए । उनले स्त्रीरोग, आमा तथा शिशु सुरक्षा कार्यक्रम स्वास्थ्य बिमा कार्यक्रमसँग जोडिने पनि बताए ।

अस्पतालका निर्देशक डा. श्रीप्रसाद अधिकारीले स्त्रीरोगसम्बन्धी दुरबिन प्रविधिबाट हुने शल्यक्रिया, गर्भवतीका लागि मानसिक स्वास्थ्य ओपिडी र फेटल तथा मेटर्नल इको सेवाले रिफरल दर घटाएको बताए । उनले भने, 'गत आर्थिक वर्षमामात्रै करिब २१ हजार सफल प्रसूति गराइएको र बहिरंग विभागबाट दुई लाख ३३ हजारभन्दा बढीले सेवा लिएका छन् ।' उनले गत आवमा आठ हजार ६९३ जना निःसन्तानसम्बन्धी सेवाग्राहीहरूले ओपिडीबाट सेवा लिएको बताए । कूल २ ९८ जना महिलाले आइयुआई सेवा र ४३ जना निःसन्तान सेवाग्राहीहरूले आइभिएफ सेवा लिएको जानकारी गराए ।

डा. अधिकारीले ...'नियोनेटल स्क्रिनिङ टेस्ट'बाट हालसम्म यस अस्पतालमा करिब दुई हजार नवजात शिशुहरूको परीक्षण गरिएको र सोमध्ये २० जना नवजात शिशुहरूको विभिन्न रोगको पहिचान गरी उपचार गरिएको छ । यो टेस्टले भ्रुण तथा गर्भमा रहेको शिशुको आनुवांशिक रोगको निदान गर्न सहज भएको छ । यो अस्पताल २०१६ भदौ १० गते श्रीकृष्ण जन्माष्टमीको दिनमा ४० शयचाबाट परोपकार संस्थाले स्थापना गरेको हो । देशको एकमात्र महिला स्वास्थ्यसम्बन्धी यो केन्द्रीय विशिष्टीकृत अस्पताल हाल ४८९ शयचा सञ्चालनमा रहेको छ ।


**नेपाल विद्युत प्राधिकरणको ४०औँ वार्षिकोत्सव**

**प्रतिबद्धता**

आफ्नो स्थापनाको ४०औँ वार्षिकोत्सवको यस सुखद अवसरमा म नेपाल सरकार, प्रदेश सरकार, विभिन्न स्थानीय तहहरू, वित्तीय क्षेत्र समस्त ग्राहक वर्ग, विद्युत व्यापारमा संलग्न संस्थाहरू, दातृनिकाय तथा विकास साझेदार, निजीक्षेत्र, पत्रकार बन्धुहरू लगायत समस्त तह र तप्काका व्यक्ति, सङ्घ-संस्थाहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

प्रतिकुल परिस्थितिमा पनि उच्च मनोबलका साथ जिम्मेवारीपूर्वक प्राधिकरणका हरेक कार्यहरूमा एकताबद्ध भई संस्थाको लक्ष्य र उद्देश्य प्राप्तिका लागि समर्पित प्राधिकरणका आधिकारिक ट्रेड युनियन, क्रियाशिल ट्रेड युनियनहरू एवं सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

आवश्यक सुरक्षा र सतर्कताका अपनाउँदा-अपनाउँदै पनि गतवर्ष विद्युतीय दुर्घटनाका कारण आफ्नो ज्यान गुमाउनुहुने प्राधिकरणका कर्मचारी तथा सर्वसाधारण प्रति हार्दिक समवेदना प्रकट गर्दै घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । आगामी दिनहरूमा विद्युतीय दुर्घटना हुन नदिन थप सतर्कता अपनाई प्रभावकारी सुरक्षा उपाय अवलम्बन गरिने विश्वास दिलाउन चाहन्छु ।

अन्त्यमा, समस्त उपभोक्ताहरूलाई गुणस्तरीय, भरपर्दो र सर्वसुलभ विद्युत आपूर्ति गरी उत्कृष्ट सेवा प्रवाह गर्ने प्रतिबद्धता व्यक्त गर्दै नेपाल विद्युत प्राधिकरणको कार्य सम्पादन र उपलब्धिमा प्रत्यक्ष वा परोक्षरूपमा सहयोग गर्नुहुने सबैप्रति पुनः एक पटक हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद ।

मिति : २०८२ भदौ १ गते ।

**हितेन्द्र देव शाक्य**
कार्यकारी निर्देशक
नेपाल विद्युत प्राधिकरण


# श्रीकृष्णको विराट स्वरूप मूर्तिको प्राणप्रतिष्ठा

**भक्तपुर (प्रस)–** नेपालमै पहिलोपटक स्थापना गरिएको गीताचार्य श्रीकृष्ण भगवान्को विराट स्वरूप श्रीमूर्तिको शनिबार प्राणप्रतिष्ठा गरिएको छ ।

चाँगुनारायण नगरपालिका-५ छालिङ गोकुलधामस्थित मच्छेनारायण एवं श्रीकृष्णवर्तेश्वर महादेव मन्दिरपरिसरमा एउटै विशाल ढुंगाबाट निर्माण गरिएको २५ हजार ७७७ किलोग्राम तौलको श्रीकृष्ण भगवान्को विराट स्वरूप श्रीमूर्तिको शनिबार शुभसाइतमा पूजा, हवन एवं प्राणप्रतिष्ठा गरिएको वडाध्यक्ष जयन्द्र खड्काले जानकारी दिए ।

चाँगुनारायण नगरपालिकाको सहकार्य एवं चाँगुनारायण-५ कार्यालय, श्री मच्छेनारायण, श्रीकृष्णवर्तेश्वर महादेव मन्दिर संरक्षण तथा विकास समितिले आयोजना गरेको उक्त धार्मिक अनुष्ठानमा सात जना ब्राह्मणले यही साउन २९ गतेदेखि तीन दिनसम्म विभिन्न पूजा, हवन गरी प्राणप्रतिष्ठा गरिएको हो । वडाध्यक्ष खड्काले भने, 'तीन दिनसम्म तान्त्रिक विधिपूर्वक पूजा, होम एवं हवन सम्पन्न गरिएको छ । आज (शनिबार) श्रीकृण जन्माष्टमीको दिन सात जना ब्राह्मणबाट प्राणप्रतिष्ठा भएको छ । आजैबाट विशाल श्रीकृष्ण विराट स्वरूप श्रीमूर्तिको अनावरण गरी भक्तजनको दर्शनका लागि खुला भएको छ ।'

नगरकोट भ्रमण वर्ष-२०८२ को अवसर पारेर आयोजना गरिएको यस कार्यक्रमले चाँगुनारायण नगरपालिका क्षेत्रको धार्मिक पर्यटनको विकासमा टेवा पुर्‍याउने नगरप्रमुख जीवन खत्रीले बताए । उनले भ्रमण वर्षकै अवसर पारेर ऐतिहासिक भूमिमा विशाल मूर्ति स्थापना गरेर ओझेलमा परेको यहाँको धार्मिक सम्पदा र पहिचानलाई हिन्दू धर्मावलम्वीहरूका लागि पवित्र तीर्थस्थल र अन्यका लागि पर्यटकीय आकर्षण हुने बताए ।

स्थानीय गोकर्ण पुरीले आफूले भारत भ्रमणका क्रममा देखेको यस प्रकारको श्रीकृष्णको विशाल मूर्ति नेपालमा पहिलोपटक स्थापना गरेर यस क्षेत्रको ऐतिहासिक, धार्मिक महत्त्वलाई अझै उचाइमा पुर्‍याएको बताए ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## एचआइभी संक्रमितको अधिकार सुनिश्चित गर

एचआइभी/एड्स संक्रमितहरूको अधिकार संरक्षणमा सरकारको उदासीनता उदेकलाग्दो देखिएको छ । सर्वोच्च अदालतले एचआइभी/एड्स संक्रमितहरूको अधिकार संरक्षण हुनेगरी कानुन निर्माण गर्न आदेश दिएको १५ वर्ष बित्दा पनि सरकारले यसलाई पूरै बेवास्ता गरेर बसेको छ। सर्वोच्चले २०६६ सालमा यस्तो आदेश दिएको हो । तर अहिलेसम्म पनि सरकारले उक्त कानुन निर्माण गर्न आवश्यक विधेयक तयारी गरेको छैन ।

त्यसो त अदालतको आदेशकै आधारमा प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले २०७९ सालमा तत्काल विधेयक प्रस्ताव गर्न सरकारलाई निर्देशन दिएको थियो । विडम्बना नै भन्नुपर्छ समितिको उक्त निर्देशनलाई पनि बेवास्ता गरिएको छ । कानुन निर्माणको प्रक्रिया अघि नबढ्दा एचआइभी संक्रमितहरू अधिकारबाट वञ्चित भएका छन् । कानुन नहुँदा उनीहरूले पाउनुपर्ने सेवासुविधा र अधिकार पाउन सकेका छैनन् ।

उक्त अवधिमा धेरै पटक सरकार फेरिए। प्रमुख दलका शीर्ष नेताहरू पालैपालो प्रधानमन्त्री बने । धेरै नेता कानुनमन्त्रीको कुर्सीमा पुगे । तर, एचआइभी संक्रमितहरूको समस्या कसैले देखेनन् वा देखेर पनि बेवास्ता गरे वा प्राथमिकतामा राख्न उचित ठानेनन् । हुन त एउटा सरकार बन्नेबित्तिकै प्रधानमन्त्री र मन्त्रीहरूलाई आफ्नो कुर्सी जोगाउनमै ध्यान गएको हुन्छ । कुन बेला कुर्सी छाड्नुपर्ने हो, त्यसैको ध्याउन्नमा हुँदा जनताको वास्तविक समस्या देख्दै देख्दैनन् । देखेको भए अवश्य पनि एचआइभी संक्रमितहरूको अधिकार संरक्षणमा संवेदनशील बन्थे होलान् ।

यो त एउटा प्रतिनिधि घटनामात्रै हो। मुलुकमा नयाँ संविधान जारी भएर गणतन्त्र कार्यान्वयनमा आएको वर्षौं बित्दा पनि एचआइभी संक्रमितहरूका लागि जस्तै अन्य धेरै कानुन बन्न बाँकी छ। यस्ता अत्यावश्यक कानुन निर्माण गर्न छाडेर सत्ताको जोडघटाउमा राजनीतिक दलहरू लाग्दाको परिणाम हो । संसद् अधिकांश समय बिजनेसविहीन भएर बस्नुपरेको छ । आवश्यक कानुनका विधेयकहरू भटाभट निर्माण गरी संसद्लाई बिजनेस दिनुपर्ने दायित्व सरकारको हो । तर, सरकार न अदालतको आदेश टेर्छ, न संसदीय समितिको। सरकारको यस्तो अटेरीपनका कारण नागरिकले अधिकारबाट वञ्चित हुनुपर्ने बाध्यता छ ।

उसै पनि एचआइभी जस्ता जटिल रोग लागेकाहरूलाई आत्मविश्वास बढाउन हौसलाको खाँचो हुन्छ । तर, सरकारले भने उल्टो निराश बनाउने काम गरिरहेको छ। यो सरकारको नागरिकप्रतिको गैरजिम्मेवारीपन हो । यस्तो प्रवृत्ति अन्त्य गर्न सरकारलाई दबाब सिर्जना गर्नुपर्ने आवश्यकता भएको छ । विशेषतः सांसदहरूले सरकारलाई दबाब दिने काममा अग्रसरता लिनुपर्छ। एचआइभी/एड्स संक्रमितहरूलाई अधिकार दिलाउन यथाशीघ्र कानुन बनाऊ ।

# बाफिया संशोधन विवाद हल गर्ने काइदा



■ रिसव गौतम

वित्तीय स्रोतमा समान पहुँच नहुँदासम्म असमानता घटेर जाने छैन । बैंकहरूको शाखा बढेकै आधारमा राष्ट्र बैंकसमेतले वित्तीय पहुँच बढेको मान्ने गरेको विगतको नजिर छ । त्यो सरासर गलत र दिग्भ्रमित गराउने तथ्यांक हो । त्यो कसरी पुष्टि होला ? खासगरी वित्तीय स्रोत आफ्नो अधीनमा राख्ने धेरैजसो बैंकहरूका अध्यक्ष तथा सञ्चालक गनेचुनेका व्यापारी नै छन् । उनीहरूको आसेपासे र भक्तिभाव गाउनेहरूले सजिलै ऋण पाउने अवस्था छ । त्यसकारण जति-जति बैंकहरूको संख्या खुम्चिएको छ, उति नै वित्तीय स्रोतको पहुँचमाथि असमानता बढेको देखिन्छ । सो समस्याको हल बाफिया संशोधनमार्फत प्रस्टसँग हुन जरूरी देखिन्छ ।

बैंकर र व्यवसायी छुटचाउने विषय अहिले सार्वजनिक बहसमा छ । खासगरी बैंक तथा वित्तीय संस्थासम्बन्धी (पहिलो संशोधन) विधेयक (बाफिया) संसद्को अर्थ समितिमा छलफलमा रहेको कारण पनि चर्चामा छ । धेरैले यस सम्बन्धमा आ-आफ्ना स्वार्थ तथा फाइदा अनुकूल विषय बटारिरहेका छन् । व्यवसायीहरू त्यहीरूपमा प्रस्तुत भएका छन् भने नेपाल राष्ट्र बैंकका पूर्वकर्मचारीहरू तथा बैंकिङ क्षेत्रका विज्ञहरूका अर्काथरी मत छन् । त्यसबाहेक सो विषय टुंग्याउने जिम्मेवारीमा सांसदहरू छन् जसले विषयलाई गहिराइमा बुझ्न सकिरहेका छैनन् । फलतः बाफिया सशोधन विधेयक अलपत्र छ । निचोड वा निष्कर्षमा पुगेर संसद्बाट पास हुन सकेको छैन ।

बाफिया संशोधन सम्बन्धमा अर्थ समितिमा केही अघि भएको छलफलमा बोल्दै गभर्नर विश्वनाथ पौडेलले नै सीमित व्यक्ति वा व्यावसायिक घरानामा बैंक तथा वित्तीय संस्थाको कर्जा केन्द्रित भएको बताएका थिए । गभर्नरको सो अभिव्यक्ति नबुझेर आएको हैन, बरु सो अभिव्यक्ति साह्रै वस्तुनिष्ठसमेत हो ।

उनको सो अभिव्यक्तिसँगै कर्जामाथिको विभेद चर्चाको केन्द्र देखिन्छ । खासगरी सीमित व्यक्ति त्यसमाथि पनि उच्च घरानामा धेरैजसो वित्तीय क्षेत्रको कर्जा सीमित हुँदा पनि बैंक र व्यवसायी छुटचाउनु पर्ने आवश्यकता मुखरित भएको हो । तर बैंकर र व्यवसायी छुटचाउँदा त्यसको अल्पकालीन र दिर्घकालीनरूपमा देशलाई कस्तो प्रभाव पार्ला ? ठोस अध्ययन भने हुन जरुरी छ ।

पछिल्ला वर्षहरूमा नेपालमा बैंक तथा वित्तीय संस्थाहरूको संख्या घटेको छ । तर यसबीच उनीहरूका आकार, फैलावट र पुँजी प्रवाह गर्न सक्ने सामर्थ्य भने बढेको छ । खासगरी नेपाल राष्ट्र बैंकले २०६७ सालपछि बैंक तथा वित्तीय संस्थाहरूलाई मर्जर तथा प्राप्तिको प्रक्रियामा जान प्रोत्साहन गरेबाट बैंकहरूको संख्या घटेको देखिन्छ । बैंकहरूको संख्या घटे पनि उनीहरूका शाखाको संख्या बढेका छन् । देशका सबै जिल्ला, सबैजसो स्थानीय तहमा बैंकहरूको शाखा पुगिसकेका छन् । बैंकहरूको पुँजी बढेसँगै व्यवसाय विस्तारको खातिर प्रतिस्पर्धा पनि बढिरहेको छ ।

खासगरी कसरी हुन्छ अधिक नाफा कमाउने सवालमा बैंकहरू एकअर्काबीच प्रतिस्पर्धामा छन् । बाहिरबाट हेर्दा बैंकहरूले सामाजिक उत्तरदायित्व पूरा गरेकोजस्तो देखिनेगरी समाजका विभिन्न क्षेत्रमा सहयोग गरिरहेका देखिन्छन् । थोरबहुत नगरेका पनि होइनन् । तर उनीहरूले सामाजिक उत्तरदायित्वका लागि जति रकम खर्च गरिरहेका छन् त्योभन्दा ज्यादा प्रचार गर्ने गर्छन् । बैंकहरूले गरिब तथा किसान वर्गमा अत्यन्त न्यून मात्रामा ऋण प्रवाह गरिरहेका छन् । उनीहरू सो वर्गमा लगानी नै गर्न रुचाउँदैनन् । गाउँ-गाउँबाट निक्षेप संकलन गरेर सहरका धनाढ्य वर्ग, सीमित उद्योगी-व्यवसायी र कर्मचारी वर्गमा उनीहरू ऋण प्रवाह गर्ने कुरामा केन्द्रित देखिन्छन् । जुन कुरा तथ्यसंगत ढंगले नवनियुक्त गभर्नर पौडेलले सार्वजनिक रूपमै व्यक्त गरिसकेका छन् ।

पछिल्लो समय मर्जर तथा प्राप्तिका कारण बलियो बन्दै गएका बैंकहरूले ब्याजदर पनि आफूखुसी निर्धारण गर्न पाएका छन् । त्यसले झन् बैंकहरूको अस्वस्थ प्रतिस्पर्धा र कतिपय अवस्थामा सिण्डिकेटले कमजोर वर्गमा ऋण प्रवाह नहुने जोखिम बढाएको छ। बैंकहरू मोटाउँदै गएका छन् अर्थतन्त्र भने जकडिँदै गएको छ । रोजगारी सिर्जना र उत्पादन बढाउन क्रियाशील मध्यम तथा साना व्यवसायीहरू पलायन हुने अवस्था सिर्जना हुन थालेको छ । धनीहरूलाई बैंकहरूले जति पनि ऋण प्रवाह गरिरहेका छन्, कमसल धितोमा पनि ।

यसरी सीमित धनीहरूलाई बढीजसो ऋण प्रवाह गरेबाट केही वर्षयता बैंकहरूको खराब कर्जा ह्वात्तै बढेको छ । अहिले धेरैजसो बैंकको खराब कर्जा पाँच प्रतिशत हाराहारी पुगिसकेको छ । तर तल्लो तहमा बैंकहरूले कति पनि ऋण दिँदैनन् र त्यो वर्गप्रति बैंकहरू सहिष्णु छैनन् भन्ने प्रमाण त मिटरब्याज पीडितहरूको बेलाबखतको आन्दोलनहरूले पनि प्रकट गर्छ । बैंकले गरिब, किसान, न्यून आय भएका तथा कागजपत्र जुटाउन नसक्नेलाई विगतमा ऋण प्रवाह गरेका हुन्थे भने हजारौं, लाखौं मान्छे पैसाका लागि मिटरब्याजीकोमा पुग्दैनथे । त्यसकारण ऋण प्रवाह गर्ने मानेमा नेपालका बैंकहरू पूर्वाग्रहित एवं एक हिसाबले असफल छन् । बैंकिङ मान्यताका हिसाबले जति बढी सानो-सानो हिसाबको ऋण प्रवाह गर्न सक्यो त्यति नै जोखिम कम हुने हो । तर बैंकहरू सीमित ठूला ग्राहकको पछि लागेपछि उनीहरू नै अहिले धक्का व्यहोर्दै छन् र रणनीतिक हिसाबले फरक ढंगले सोचिरहेका छन् । बैंकमा अधिक तरलता हुँदाहुँदै ऋण प्रवाह गर्न डराइरहेका छन् ।

### वित्तीय पहुँच घट्दै

दक्षिण एसियामै नेपाल अधिक आर्थिक असमानता भएको देशको रूपमा चिनिन्छ । यहाँको राष्ट्रिय आयमा २० प्रतिशत गरिब नागरिकको हिस्सा जम्मा चार प्रतिशत र २० प्रतिशत उपल्ला धनीहरूको हिस्सा करिब ६० प्रतिशत रहेको अध्ययनहरूले देखाउने गरेको छ । खासगरी बैंक तथा वित्तीय संस्थाहरू फस्टाएको चार दशकयता आर्थिक असमानता झन् बढेको छ । बैंकहरूले धनीहरूलाई झन् धनी हुन र उनीहरूको वित्तीय व्यवस्थापन एवं सम्पत्ति सुरक्षामा सघाएका छन् तर गरिबहरूलाई उनीहरूले पुछेका छैनन् । अहिले पुँजीको बागडोर सम्हालेका बैंकहरूमा कुन वर्गको हालीमुहाली छ भन्ने तथ्य धेरैले बुझेका छन् । फलस्वरूप पनि बैंकर र व्यवसायी छुट्याउनेगरी नयाँ संशोधित विधेयक छलफलमा ल्याइएको छ । तर त्यसलाई पनि घेराबन्दीमा पारेर वर्षौंदेखि अलपत्र छाडिएको छ ।

अहिले बैंक वित्तीय क्षेत्रको कूल ऋणमध्ये करिव चार प्रतिशत ऋणीले ६५ प्रतिशतभन्दा धेरै स्रोत उपयोग गरेका छन् । बाँकी ९६ प्रतिशत ग्राहकको भागमा ३५ प्रतिशत कर्जा पाएका छन् । अर्थात् बैंकिङ कर्जा प्रवाहमा पूरापुर असमानता र विभेद देखिन्छ । नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्यांकअनुसार हाल बैंक तथा वित्तीय संस्थामा १९ लाख ४० हजार ऋणी रहेका छन् । गभर्नर विश्वनाथ पौडेलका अनुसार वित्तीय क्षेत्रको कूल कर्जाको ३.९ प्रतिशत (दुई खर्ब १७ अर्ब) कूल ऋणीको ०.०१ प्रतिशत अर्थात् १९४ जनाले चलाएका छन् । अझ चार प्रतिशत ऋणीले ३६ खर्ब छ अर्ब रूपैयाँ कर्जा चलाएका छन् । यति सानो अर्थतन्त्रमा यहाँ भन्दा विभेद अरु के हुन्छ ?

नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार बैंक तथा वित्तीय संस्थामा खुलेका निक्षेप खाता जनसंख्याभन्दा बढी पाँच करोड एक लाख १३ हजार ९८ वटा पुगेका छन् । त्यसको अर्थ सबै नेपालीको पहुँचमा बैंक पुगेको होइन । एकभन्दा बढी बैंकमा खाता खोल्न पाइने कारण जनसंख्याभन्दा बढी निक्षेप खाता पुगेको देखिन्छ । तथ्यांकीय हिसाबले कूल खातामध्ये चार प्रतिशतले मात्र ऋणको सुविधा पाएका देखिन्छन् । बाँकी ९६ प्रतिशत खातावाला ऋणको पहुँचभन्दा बाहिर छन् । वित्तीय स्रोतमा योभन्दा भद्दा असमानता अरू के होला ? सीमित वर्गले ऋणमै मोजमस्ती, सुखसयल गरिरहेको छ । तर साना-साना उद्यम गरेर, कृषि गरेर केही गर्छु भन्नेहरू ऋणको अवसरबाट वञ्चित देखिन्छन् । त्यसकारण पनि बाफिया २०७३ को संशोधन विधेयकले यस विषयलाई सच्याउनुपर्छ । र, बैंकिङ कर्जामाथि तल्लो वर्गको पनि पहुँच विस्तार गर्नुपर्छ ।

समाजवादको नारा लिएर सत्तामा पुगेकाहरूले वित्तीय स्रोतको समन्यायिक पहुँच विस्तार गर्ने सम्बन्धमा गहिरोसँग सोच्नैपर्छ । लाखौं लाख युवाले विदेशमा श्रम गरेर पठाएको रेमिटयान्स परिचालन र गाउँ-गाउँबाट उठाइएका सानो-सानो अंशको निक्षेपमा खास वर्गको मात्र पहुँच र एकाधिकार बढिरहेको छ । तर पनि एकथरी बैंकर जो अकुत सम्पत्ति कमाएर पनि विदेशतिर टहलिन सकेका छैनन् । तिनले बैंकहरूले अर्बौं नाफा गरे पनि प्रतिसेयर आम्दानी न्यून छ । सोचेजस्तो लाभांश बाँड्न बैंकहरूले सकेका छैनन् भनेर साहु भक्तिगान गाइरहेका छन् । तर उनीहरूलाई कसले बुझाइदिने कि ऋण रकम पनि त तिनै साहुहरूले नै चलाइरहेका छन् । जसले लाभांश पाएका छैनौं भनेर हल्ला पिटिरहेका छन् । त्यसकारण तिनले बुझ्नुपर्छ, धनीहरूको सेयरले अधिक कमाउन नसक्नुभन्दा गरिब तथा किसान वर्गले कर्जा नपाउने अवस्था चिन्ताजनक छ । त्यो आर्थिक विकास र समृद्धि दुवै हिसाबले, गरिबी निवारणको हिसाबले किन नहोस् ।

वित्तीय स्रोतमा समान पहुँच नहुँदासम्म असमानता घटेर जाने छैन । बैंकहरूको शाखा बढेकै आधारमा राष्ट्र बैंकसमेतले वित्तीय पहुँच बढेको मान्ने गरेको विगतको नजिर छ । त्यो सरासर गलत र दिग्भ्रमित गराउने तथ्यांक हो । त्यो कसरी पुष्टि होला ? खासगरी वित्तीय स्रोत आफ्नो अधीनमा राख्ने धेरैजसो बैंकहरूका अध्यक्ष तथा सञ्चालक गनेचुनेका व्यापारी नै छन् । उनीहरूको आसेपासे र भक्तिभाव गाउनेहरूले सजिलै ऋण पाउने अवस्था छ । त्यसकारण जति-जति बैंकहरूको संख्या खुम्चिएको छ, उति नै वित्तीय स्रोतको पहुँचमाथि असमानता बढेको देखिन्छ । सो समस्याको हल बाफिया संशोधनमार्फत प्रस्टसँग हुन जरुरी देखिन्छ ।

खासगरी बैंकर र व्यवसायी छुटचाउनैपर्छ भन्ने पनि छैन । तर, कर्जा प्रवाहमा जुन खालको असमानता वा विभेद छ, त्यो हटाउने वा अधिकरूपमा घटाउनेमा विधि वा प्रक्रियामा बाफिया संशोधन केन्द्रित होस् । बाफियामा अहिले भइरहेको कोकोहोला सोही मध्यमार्गी बाटोबाट मात्र सामाधान हुने छ ।

risap.gautam@gmail.com

श्रम सरोकार


## वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरू:

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# पाल्पाका ऐतिहासिक जात्राहरू



■ दामोदर खनाल

सम्बन्धित निकायबाट जात्रा निकाल्नका लागि चाहिने आर्थिक, भौतिक र नैतिक सहयोग पहिलाकै जसरी उपलब्ध हुन नसकेका कारण कतै ऐतिहासिक महत्त्व बोकेका जात्राहरु लोप हुने त हैन भन्ने स्थानीयहरूमाझ चिन्ता उब्जिएको पाइन्छ ।

काठमाडौं उपत्यकापछि जात्रैजात्राको सहर भनेर चिनिने पाल्पाको तानसेनमा मनाइँदै आएको ऐतिहासिक गाईजात्रा, रोपाइँजात्रा, गणेशजात्रा, भिमसेनजात्रा, बाघजात्रालगायत यसपटक पनि विविध कार्यक्रमका साथ धुमधामसँग मनाइएको छ । सबैभन्दा पछिल्लो जात्रा भगवतीजात्रा हो । पाल्पामा आफ्नै ऐतिहासिक महत्त्व राख्ने यस्ता जात्रा चाडपर्वप्रति पछिल्लो समय सम्बन्धित निकायको ध्यान पुग्न नसक्दा लोप हुँदै जान थालेको अनुभव स्थानीयबासीमा पाइन्छ ।

देशका विभिन्न ठाउँमा आ-आफ्नै कला संस्कृति रहनसहन चालचलन र परम्परा छन् । यहाँका विभिन्न जातजाति भाषाभाषीका मानिसहरूका विभिन्न प्रकारका चाडपर्वहरू छन् । यस्ता चार्डपर्वहरूमा उनीहरूका आ-आफ्नै रीतिथिति र चालचलनहरू झल्किन्छन् । यी सबै हाम्रा सांस्कृतिक सम्पदा हुन् । विभिन्न चाडपर्वहरूका आ-आफ्नै आध्यात्मिक, धार्मिक र सामाजिक विशेषताहरू पाइन्छन् । यस्तै विशेषता भएका चाडपर्व गाईजात्रा, भगवतीजात्रा र अन्य जात्राहरू पाल्पामा धेरै समय अगाडिदेखि मनाइँदै आएको पाइन्छ। यी पर्वहरूले पाल्पामा आफ्नै महत्त्व राखेको पाइन्छ । तथापि, यस्ता चाडप्रति सम्बधित निकायको ध्यान नपुग्दा प्रत्येक वर्ष जात्राहरूको स्तर खस्कँदै गएको आभास हुन्छ ।

यहाँ मनाइने कतिपय जात्रा र उत्सवहरू देवीदेवताका नाममा र देवस्थलसित सम्बद्ध रहेको पाइन्छ । यस्ता पर्वले परिवारका सदस्य, नाता कुटुम्ब र मित्रजनसँग भेटघाट र सद्भाव पनि बढाउन मद्दत गर्दछन् । पाल्पा सदरमुकाम तानसेनमा विशेषगरी नेवार समुदायको बसोबास भएकाले उक्त समुदायमा बढी लोकप्रिय मानिने गाईजात्रा पर्व यहाँ काठमाडौंमा जस्तै धुमधामले मनाउने परम्परा छ ।

सबै ठाउँझैं जनैपूर्णिमाको भोलिपल्ट भाद्र कृष्ण प्रतिपक्षका दिन यहाँ पनि यो गाईजात्रा पर्व मनाइन्छ । यस जात्रामा गाईलाई नै सिँगारी बाजागाजासहित तानसेन बजार परिक्रमा गराइन्छ । गाईलाई दूध, फलफूल खुवाउने र दर्शन गर्नेहरूको भीड लाग्ने गर्दछ । राति पनि निर्गुण भजन, बास्सा, नाच निकालिने परम्परा छ ।

त्यस्तै कतिपय मानिसहरू नक्कली गाई, जोगी बनी व्यंग्य गर्दै तानसेन नगर परिक्रमा गर्दछन् । कतिपय स्थानीय कलाकारहरूले नाचगान र नाटकका माध्यमबाट बजारका चोक गल्लीहरूमा मुलुकका विकृति-विसंगतिलाई लिएर सांसद, मन्त्री, प्रधानमन्त्री र उच्च तहका स्थानीय तथा राष्ट्रियस्तरका प्रशासक, नेताहरूको भण्डाफोर गर्दै व्यंग्य प्रदर्शन गर्दछन् । तर यी प्रचलनहरू विभिन्न कारणले हराउँदै जान थालेको छ । यसै क्रममा यहाँ एक सातासम्म बाघजात्रा, भिमसेनजात्रा, गणेशजात्रा, रोपाइँजात्रा नारायणजात्रा र भगवतीजात्रा निकाल्ने परम्परा छ ।

भगवतीजात्राको अघिल्लो दिन कृष्ण जन्माष्टमीका दिन रातभर जागराम बस्ने गरिन्छ। राति लाखे नाच्ने र राँगा काट्ने चलनलाई यहाँ महत्त्वपूर्ण रूपमा लिइन्छ। यो पटक भदौ १ गते अथात् आज भगवतीजात्रा परेको छ। केही वर्षयता गठेमंगलका दिनदेखि लाखे नचाउने परम्परा लोप हुँदै गएकोमा यहाँका स्थानीय, बुद्धिजीवी तथा संस्कृतिप्रेमीहरूले दुःख व्यक्त गर्न थालेका छन् । र, कतै यहाँको संस्कृति हराउने त हैन ? भनी चिन्ता व्यक्त गरेका छन् ।

यहाँ मनाइने भगवतीजात्राको एउटा आफ्नो छुट्टै ऐतिहासिक पक्ष पनि छ । वि.सं. १८७१-७२ को नेपाल अंग्रेज युद्धपश्चात तानसेनकी भगवतीको नाउँ रणा उजीरेश्वरी हुन गएको थियो । पाल्पाका तत्कालीन तैनाथवाला कर्णेल उजिरसिंहको नेतृत्वमा नेपाली फौजलाई अंग्रेजहरूसँग आफ्नो देशको स्वतन्त्रता रक्षाका लागि युद्ध गर्नुपरेको थियो ।

साम्राज्यवादी अंग्रेजहरूको विशाल फौज नेपाल अधिराज्यलाई निल्न तत्पर थियो। उक्त संकटको घडीमा पाल्पाका तैनाथवाला कर्णेल उजिरसिंहले युद्धमा जानुपूर्ण यिनै अष्ठभुजा भगवतीको आरधना र प्रार्थना गरेका थिए। यिनैको शक्तिबाट उनले वाचा र भाकल गरेका थिए । र, त्यसै बेलादेखि यहाँ भगवती जात्राको थालनी भएको तथ्य पाइन्छ । पछि शिलाको अष्ठभुजा भगवतीको मूर्ति भएको ठाउँमा विशाल मन्दिरको स्थापना गरियो जुन हालको तानसेन भगवती मन्दिर हो । जहाँ दैनिक नित्य पूजाआजा पनि गरिन्छ । जसको रेखदेखका लागि समिति गठन गरिएको छ ।

भगवतीजात्राको दिन यहाँका सबै तह र तप्काका व्यक्ति तथा विभिन्न संघसंस्थाका प्रतिनिधि, शिक्षक र विद्यार्थीहरू भेला भई सैनिकद्वारा भगवतीलाई सलामी अर्पण गरी भगवतीको रथलाई नगर परिक्रमा गराउने प्रचलन छ । यस दिन सार्वजनिक बिदा दिइने गरिन्छ । यहाँको भगवती र गाईजात्रामा जिल्लाका ग्रामीण भेगका व्यक्तिहरू विभिन्न भेषभूषा र गरगहनामा सजिएर हजारौंको संख्यामा उपस्थित भई जात्रा हेरी दर्शन गर्ने गर्दछन् ।

सम्बन्धित निकायबाट जात्रा निकाल्नका लागि चाहिने आर्थिक, भौतिक र नैतिक सहयोग पहिलाको जसरी उपलब्ध हुन नसकेका कारण कतै ऐतिहासिक महत्त्व बोकेका यी जात्राहरू लोप हुने त हैन भन्ने स्थानीयहरूमाझ चिन्ता उब्जिएको पाइन्छ । यस्ता ऐतिहासिक जात्रा, कला संस्कृति, मेला पर्वहरूलाई सबै मिलेर संरक्षण गर्न लाग्नु हामी सबैको कर्तव्य हो ।



**रथयात्रा |** श्रीकृष्ण जन्माष्टमीको अवसरमा जमजुङको मध्यनेपाल नगरपालिकामा इस्कोन करापुटारले शनिबार निकालेको रथयात्रामा सहभागी हुँदै भक्तजन । *तस्बिरः देवेन्द्र गुरुङ/रासस*

# हेंवा खोलामा 'मोडुलर बेलिब्रिज' जडान

**पाँचथर–** यहाँको हेंवा खोलामा नेपालकै लामो ७० मिटरको मोडुलर बेलिब्रिज जडान गर्ने काम सम्पन्न भएको छ । मेची राजमार्गअन्तर्गत पाँचथरको फिदिम नगरपालिका र हिलिहाङ गाउँपालिकाको सीमा छुट्याउने हेंवा खोलामा बेलिब्रिज जडान गरिएको हो ।



सडक डिभिजन कार्यालय इलामले भारतीय प्राविधिकको सहायतामा जडान गरेको बेलिब्रिजको पहुँचमार्गसहितका संरचना निर्माण भइरहेका छन् । आगामी हप्तादेखि यसै बेलिब्रिजबाट सवारीका साधन सञ्चालन हुने सडक डिभिजन कार्यालय इलामका प्रमुख पवन भट्टराईले जानकारी दिए । उनका अनुसार हेंवा खोलामा निर्माण गरिएको बेलिब्रिज नेपालमा जडान भएकामध्ये सबैभन्दा लामो हो । बेलिब्रिजको भार बहन क्षमताको मापनसमेत सफल भइसकेको छ ।

निर्माण कम्पनीले गत चैतदेखि बेलिब्रिजका संरचना निर्माण थालेको थियो । तर बेलिब्रिज जडान अन्तिम चरणमा पुगेका समयमा गत जेठ ३१ गते बेलिब्रिज भाँचिएर झर्दा तीन जना कामदारको ज्यान गएको थियो । यसपछि सडक विभागले बेलिब्रिजका संरचना निर्माण गर्ने भारतीय कम्पनीलाई भाँचिएका सामग्री तथा प्राविधिक पठाइदिन आग्रह गरेको थियो । भारतबाट आएका प्राविधिक र मिस्त्रीले साउन १७ गते बेलिब्रिज जडानको काम थालेर साउन २८ गते सम्पन्न गरेका हुन् ।

बेलिब्रिजका सबै सामग्री भारत सरकारले निःशुल्क उपलब्ध गराएको थियो । भारतीय पक्षले सामग्रीका अतिरिक्त पठाएको लञ्चिङ सेट र पुल जडान गर्न इञ्जिनियर तथा प्राविधिक रहेको १८ जनाको टोलीले छोटो समयमै बेलिब्रिज जडान सम्पन्न गरेको डिई भट्टराईले जानकारी दिए ।

मेची राजमार्गअन्तर्गत हेंवा खोलामा रहेको सडक पुल २०८० असार २ गते आएको बाढीले बगाएको थियो । पुल बगेकै स्थानमा २९ दिन लगाएर नयाँ बेलिब्रिज निर्माण गरिएको थियो । तर उक्त बेलिब्रिजसमेत २०८१ असोज १२ गते आएको बाढीले बगाएपछि हेंवा खोलामा डाइभर्सनका माध्यमबाट सवारीका साधन आवतजावत गर्दै आएका थिए । वर्षायाम सुरु भइसकेकाले बाढीले पटक-पटक डाइभर्सन बगाउँदा यातायात अवरुद्ध बनेको थियो ।

सडक डिभिजन कार्यालयले नै डाइभर्सन मर्मतको कामसमेत निरन्तर चलाएको थियो । नयाँ बेलिब्रिज जडानपछि हेंवा खोला उत्तरका नागरिकले तीन वर्षदेखि वर्षायाममा भोग्दै आएको सास्ती हट्ने आशा पलाएको पाँचथरको हिलिहाङका वीरेन्द्र मगरातीको भनाइ छ ।

यसपटक बेलिब्रिज जडानसँगै सडभ विभागले मोडुलर बेलिब्रिज जडानसम्बन्धी १० दिने प्रयोगात्मक तालिमसमेत सञ्चालन गरेको थियो । तालिममा सडक विभागका इञ्जिनियर, सबइञ्जिनियर, मेकानिक र अपरेटर गरी ३२ जनाले सहभागिता जनाएका थिए । रासस

# म्याग्दीका महिलाको घरजग्गामा स्वामित्व बढ्दो

**म्याग्दी–** यहाँका महिलाका घरजग्गामा स्वामित्व बढ्न थालेको छ । सरकारको अनुकूल नीति, सामाजिक संरचनामा आएको परिवर्तन र सशक्तिकरणसँगै घरजग्गामा महिलाको स्वामित्व बढ्न थालेको हो ।

सरकारले महिला, दलित तथा आदिवासी जनजाति, सहिद परिवार र अपांगताको नाममा घरजग्गा खरिद गर्दा लाग्ने रजिस्ट्रेसन दस्तुरमा २५ प्रतिशत राजस्व छुट दिने गरेको छ । आर्थिक वर्ष २०८१/८२ मा जिल्ला मालपोत कार्यालय म्याग्दीबाट ८८१ लिखत पारित भएकामा १८० महिलाको नाममा छ ।

घरजग्गा खरिद गरेका महिलाले गत वर्ष रजिस्ट्रेसन शुल्कमा २४ लाख ४८ हजार रूपैयाँ छुट पाएका कार्यालयकी प्रमुख साधनाकुमारी श्रेष्ठले जानकारी दिइन् । आर्थिक वर्ष २०८०/८१ मा २४३ महिलाले घरजग्गा आफ्नो स्वामित्वमा बनाएका थिए ।

महिलाको आर्थिक स्रोतमा पहुँच बढ्नु, चेतनाको विकास, सशक्तिकरण, पुरुष विदेश गएकाले घरको नेतृत्व महिलाले गर्नु र सरकारले दिने छुट सुविधाका कारण महिलाको नाममा घरजग्गाको स्वामित्व बढेको मालपोत अधिकृत श्रेष्ठले बताइन् । गत वर्ष ४१ जना दलित तथा जनजाति, एक जना अपांगता भएका र १२ जना अन्य वर्गकाले घरजग्गा खरिदका लागि छुट पाएका थिए । सबै लक्षित समुदायका ३३४ जनाले रजिस्ट्रेसन शुल्कमा ३१ लाख ६० हजार रूपैयाँ छुट पाएका छन् ।





राष्ट्रिय जनगणना २०७८ को नतिजाअनुसार कूल एक लाख सात हजार जनसंख्या रहेको जिल्लामा महिला जग्गाधनी ९.७ प्रतिशत छन् । ११.८ प्रतिशत महिलाको नाममा घरजग्गा दुवै र २.३ प्रतिशतको नाममा घरमात्रै छ । कूल जनसंख्यामध्ये ५१.३ प्रतिशत महिला र ४८.७ प्रतिशत पुरुष छन् ।

यसैगरी घरजग्गा दृष्टिबन्धक राखेर बैंक, वित्तीय र सहकारी संस्थाबाट ऋण लिनेको संख्या पनि उल्लेख्य रहेको मालपोत कार्यालय म्याग्दीका नायव सुब्बा कमलप्रसाद मरासिनीले बताए । आर्थिक वर्ष २०८१/८२ मा ९१६ जनाले घरजग्गा रोक्का र एक हजार ४१५ वटा फुकुवा गरेका छन् ।

आर्थिक वर्ष २०८०/८१ मा ८५७ जनाले घरजग्गा धितो राखेर बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएका र एक हजार १६९ जनाले रोक्का राखेको घरजग्गा फुकुवा गरेका थिए । बैंक, वित्तीय र सहकारी संस्थामा घरजग्गा धितो राखेर व्यापार व्यवसाय, वैदेशिक रोजगारी, शिक्षा, पशुपालन, कृषिमा लगानी गर्नेलाई सजिलो भएको छ ।

## राजस्व संकलन उच्च

आर्थिक वर्ष २०८१/८२ मा मालपोत कार्यालय म्याग्दीले पछिल्लो सात वर्षयताकै धेरै पाँच करोड ८१ लाख पाँच हजार रूपैयाँ राजस्व संकलन गरेको छ । आर्थिक वर्ष २०८०/८१ मा चार करोड ११ लाख १३ हजार रूपैयाँ, २०७९/८० मा चार करोड ६८ लाख २१ हजार रूपैयाँ राजस्व संकलन भएको थियो । कोरोनाकालमा घटेको घरजग्गा किनबेच बिस्तारै लयमा फर्किन थालेपछि राजस्व संकलनमा सुधार भएको मालपोत अधिकृत श्रेष्ठको भनाइ छ ।

आर्थिक वर्ष २०७८/७९ मा पाँच करोड चार लाख ८४ हजार रूपैयाँ, २०७७/७८ पाँच करोड ११ लाख तीन हजार रूपैयाँ र २०७६/७७ मा तीन करोड २९ लाख ४३ हजार रूपैयाँ राजस्व संकलन भएको थियो ।

गत आर्थिक वर्षमा रजिस्ट्रेसन शुल्कबापत दुई करोड आठ लाख ८६ हजार रूपैयाँ, पुँजीगत लाभकर शीर्षकमा दुई करोड ३१ लाख ५५ हजार रूपैयाँ, न्यायिक दस्तुर, दण्ड जरिवाना, रोक्काबापत एक करोड ३९ लाख ८३ हजार रूपैयाँ र सेवा शुल्क र प्रशासनिक दस्तुर शीर्षकमा ८० हजार रूपैयाँ राजस्व संकलन भएको छ । *रासस*

# हल्लेखर्क र कुरमुनीमा खानेपानी सुविधा विस्तार

**म्याग्दी–** म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ हल्लेखर्क र कुरमुनी टोलका ४० घरमा 'एक घर, एक धारा' सहितको खानेपानी सुविधा विस्तार भएको छ ।

गण्डकी प्रदेश सरकारको विशेष अनुदानमा अन्नपूर्ण गाउँपालिकाले सञ्चालन गरेको बैसरी-हल्लेखर्क-पोखरेबगर खानेपानी योजनामार्फत २४ र गण्डकी प्रदेश सरकारको बजेटबाट खानेपानी, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयले कुरमुनीका १६ घरमा खानेपानी वितरण गरेको हो ।

अन्नपूर्ण गाउँपालिका-६ का वडाध्यक्ष रामबहादुर खड्काले करिब ४० लाख रूपैयाँको लागतमा हल्लेखर्क र कुरमुनीका ४० घरपरिवारलाई फरक-फरक योजनामार्फत मिटर जडित निजी धारामार्फत घरघरमा खानेपानी वितरण भएको जानकारी दिए । 'करिब २९ लाख रूपैयाँ बजेटमा सुन्दर सेवा निर्माण प्रालि पोखराले हल्लेखर्क र बैसरीमा निर्माण गरेको २७ मध्ये २४ वटा धारामा खानेपानी सञ्चालन भएको छ,' उनले भने, 'पाइपलाइन नपुगेकाले यसपालि पानी वितरण नभएका बैसरीका तीन र पोखरेबगरका ९८ धारामा नयाँ आर्थिक वर्षको बजेटबाट पानी वितरण गर्ने व्यवस्था मिलाउँछौं ।'

धाराका साथै १०-१० हजार लिटर क्षमताको दुईवटा रिजर्भ ट्यांकी, दुईवटा डिसी निर्माण भएको छ । खरीको मुहानबाट यसअघि नै ल्याइएको पानीलाई ट्यांकीमा हालेर व्यवस्थित हिसाबले वितरणको व्यवस्था मिलाइएको हो । घरघरमा खानेपानी आपूर्ति भएपछि पानी ओसार्दा हुने झन्झट हट्नुका साथै समयको बचत भएको हल्लेखर्कका बासिन्दा देवी खड्काले बताइन् । यसअघि खानेपानी आपूर्ति नियमित नहुने र वितरण व्यवस्थित नहुँदा उपभोक्तालाई सास्ती थियो । कुरमुनीमा प्रदेश सरकारको १० लाख रूपैयाँ बजेटबाट १० हजार लिटर क्षमताको रिजर्भ ट्यांकी निर्माण गरेर १६ घरमा पाइपलाइन विस्तार र मिटर जडान गरेर खानेपानी वितरण भएको छ । *रासस*

# बिपी राजमार्गमा थप १५ दिन राति सवारी बन्द



**काभ्रेपलाञ्चोक (प्रस)–** बिपी राजमार्गमा भदौ १ गतेदेखि थप १५ दिन सवारी सञ्चालनमा रोक लगाइएको छ । जोखिमका कारण गत असार ७ गतेदेखि राति सवारी सञ्चालनमा रोक लगाउँदै आइएकोमा भदौ १५ गतेसम्म १२ घण्टा रोक लगाइएको जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकले जनाएको छ ।

जिल्ला सुरक्षा समितिको शुक्रबार सम्पन्न बैठकले उक्त राजमार्गमा साँझ ५:०० देखि बिहान ५:०० बजेसम्म राजमार्गमा यात्रुवाहक तथा निजी सवारी सञ्चालनमा रोक लगाउने निर्णय गरेको हो । कार्यालयले उक्त राजमार्गअन्तर्गत जिल्लाको काभ्रेभञ्ज्याङदेखि सिन्धुलीसीमा नेपालथोकसम्म थप १५ दिन रोक लगाइएको जनाएको छ ।

कार्यालयले उक्त निर्णय गर्दै सूचनामार्फत मनसुन सक्रिय रहेको अवस्थामा बिपी राजमार्गमा बाढीपहिरोको सम्भावित जोखिम रहेकाले विपद्जन्य घटना हुनसक्ने भएकाले जोखिम न्यूनीकरणका लागि राजमार्गको उल्लिखित क्षेत्रमा सवारी सञ्चालनमा रोक लगाइएकाले सतर्कता अपनाउन सार्वजनिक अनुरोधसमेत गरेको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी सुदर्शन श्रेष्ठले मनसुनको समयमा बिपी राजमार्गमा उच्च जोखिमका कारण रातको समयमा निजी तथा सार्वजनिक सवारीसाधन सञ्चालनमा रोक लगाइएको जानकारी दिए । उनका अनुसार काभ्रेपलाञ्चोकको काभ्रेभञ्ज्याङदेखि सिन्धुलीको खुर्कोट खण्डका विभिन्न स्थानमा जोखिम भएकाले यातायात सञ्चालनमा रोक लगाइएको हो । काठमाडौंबाट जाने सवारीलाई जिल्लाको काभ्रेभञ्ज्याङ र काठमाडौंतर्फ आउने सवारीलाई सिन्धुलीको सिमाना नेपालथोकमै रोकिने छ ।

मनसुनजन्य विपद्बाट हुनसक्ने जोखिमलाई मध्यनजर गर्दै यसअघि काभ्रेपलाञ्चोक, सिन्धुली र रामेछाप जिल्लाको सुरक्षा समितिका पदाधिकारीको अन्तरजिल्ला समन्वय समितिको बैठकले गत असार ७ गतेदेखि बिपी राजमार्गमा साँझ ६:३० बजेदेखि बिहान ५:०० बजेसम्म करिब १० घण्टा १५ दिन तथा थप असार मसान्तसम्म र साउन महिनाभर साँझ ५:०० देखि बिहान ५:०० बजेसम्म सडक सञ्चालनमा रोक लगाइएको थियो ।

गत वर्ष असोजको बाढीपहिरोले बिपी राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको चौकीडाँडादेखि सिन्धुलीको वर्षेखोलासम्मको आठ किलोमिटर सडकखण्डमा सडक नै बगाएका कारण खोलामा कतै एकतर्फ, कतै दुईतर्फी यातायात सञ्चालन हुनेगरी अस्थायी सडक सञ्चालनमा ल्याइएको छ । बाढीपहिरोले राजमार्गको कूल १६० किलोमिटरमध्ये तेस्रो खण्डअन्तर्गत सिन्धुलीको खुर्कोटदेखि नेपालथोकसम्म ३४ किलोमिटर र चौथोखण्ड नेपालथोकदेखि काभ्रेपलाञ्चोकको धुलिखेलसम्म ५० किलोमिटर गरी ८४ किलोमिटर सडकको विभिन्न स्थानमा बढी क्षति पुर्‍याएको थियो ।

कार्यालयले क्षतिग्रस्त राजमार्ग स्थायी निर्माणका लागि चार खण्डमा ठेक्काको प्रक्रियामासमेत अघि बढाइरहेको छ । पूर्वी नेपाल जोड्ने छोटो दूरीका रूपमा रहेको उक्त राजमार्गबाट दैनिक हजारौं यातायातका साधन आवतजावत हुने गर्छ ।


**मेधा बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**महाराजगंज-३, काठमाडौं, फोन नं.०१-४९५५६७५**

**धितोमा रहेको अचल सम्पत्ति लिलाम बढाबढ गरी बिक्री गर्ने सम्बन्धी १० दिने सूचना !**

*प्रकाशित मिति : २०८१/०५/०१ गते*

यस संस्थाका शेयर सदस्य श्री मोहन कुमार गिरीले यस सहकारी संस्थाबाट मिति २०८१ माघ ०२ मा व्यापार कर्जा शीर्षकमा लिएको कर्जा संस्था सँग गरेको संझौता बमोजिम समय-समयमा तिर्न बुझाउन पर्ने साँवा ब्याज हर्जाना लगायतका रकमहरू नतिरी, नबुझाई संस्था सँग गरेको कर्जा सम्बन्धी सर्त नियमहरू उल्लंघन गरेको र संस्थाले पटक पटक कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा चुक्ता गर्न नआएकोले मिति २०८१ माघ ०२ गते **प्रभाव दैनिक पत्रिकामा** कर्जा चुक्ता गर्ने **३५ दिने** सूचना प्रकासित गरीएको र पुनः मिति २०८१ फागुन २२ गते **प्रभाव दैनिक पत्रिकामा** प्रकाशित गर्दा पनि संस्थालाई तिर्न पर्ने रकम बुझाउन नआएकोले कर्जा लिएको मितिदेखि हालसम्मको ब्याज, हर्जना समेतको लेना रकम असुल उपर गर्नको लागि सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ को नियम ३० तथा यस संस्थाको बिनियमले दिएको अधिकार प्रयोग गरि यस संस्थालाई धितो सुरक्षण स्वरूप लेखि दिनु भएको तपसिलमा उल्लेखित शर्तहरू बमोजिम पञ्चकृत मूल्याङ्कन गरी लिलामी बिक्री गरिने भएकाले सो लिलामी बिक्रीमा डाँक बढाबढ गरि लिन इच्छुक व्यक्ति, फर्म, संघ संस्थाहरू समेत सबैको जानकारीको लागि यो **अन्तिम १० दिने सार्वजनिक सूचना** प्रकाशित गरिएको छ । साथै यस संस्थालाई तिर्न बुझाउन पर्ने ऋण, लागेको ब्याज, हर्जना समेत लिलाम हुनु अघिनै तिरी चुक्ता गरि धितो फुकुवा गर्न गराउन ऋणी तथा जमानीलाई अन्तिम मौका समेत दिएको छ । उक्त म्याद भित्र ऋण चुक्ता नभई धितो लिलाम बिक्री भएमा वा कसैले धितो लिलामी सकार नगरी सहकारी संस्था आफैले सकार गरि लिएमा पछि कहिं कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै सुरक्षणमा रहेको धितो लिलाम बिक्री गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुलउपर नभएमा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ र प्रचलित नेपाल कानून बमोजिम ऋणीका नाममा धितोमा राखेको सम्पत्तिबाट नपुग भएमा अन्य जायजेथाबाट, निजका परिवारका अन्य व्यक्तिहरू तथा व्यक्तिगत जमानी कर्ताको नाममा रहेको अन्य चल अचल सम्पत्ति समेतबाट बाँकी लेना रकम असुल उपर गरिने ब्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको तीनपुस्ते विवरण | ऋणिको र जमानीको फोटो | धितो रहेको घर जग्गाको विवरण |
|---|---|---|
| **मोहन कुमार गिरी**<br>**ना.प्र.नं.**३८०/१८८१, बाजुरा<br>**बाबु** : प्रदिप कुमार गिरी<br>**बाजे** : जयनन्द गिरी<br>**ठेगाना** : बाजुरा जिल्ला कोल्टी वडा नं.३ |  | काठमाडौं जिल्ला साविक वडा नं.१२<br>हाल बलम्बु गाविस वडा नं.५<br>कि.नं.११०९, क्षेत्रफल ०-९-०-०<br>(रोपनी) २८६.११ व.मि |
| **धनजमानी दिने** : नवराज बराल |  | |

**लिलामीका शर्तहरू**

१. यो सूचना प्रकाशित भएका मितिले १० दिनभित्र पनि ऋणीले कर्जा चुक्ता गर्न नआउनु भएमा ११औं दिनमा का.म.न.पा.वडा नं.३ स्थित संस्थाको कार्यालयमा दिनको ११.३० बजे लिलाम बिक्री कार्य गरिनेछ । सो दिन बिदा पर्न गएमा त्यसको भोलिपल्ट सोहिस्थान र समयमा लिलाम बिक्री गरिनेछ ।
२. लिलाम डाक बढाबढमा भाग लिन इच्छुक व्यक्ति स्वयम् आफ्नो सक्कल नागरिकता लिएर उपस्थित हुनु पर्ने छ । संस्थाको हकमा रितपूर्वकको अख्तियारी तथा संस्थाको दर्तासँग सम्बन्धित कागजातहरू सहित उपस्थित हुनु पर्नेछ ।
३. धितो सम्पतिको पञ्चकृत मूल्यलाई आधार मानी लिलाम डाक बढाबढ हुनेछ ।
४. धितो लिलाम बढाबढमा अन्तिम पटक सबै भन्दा बढि रकम कबोल गर्ने व्यक्ति वा संस्थाको नाममा लिलाम सकार गराइनेछ ।
५. सबैभन्दा बढि रकम कबोल गर्नेले आफूले कबोल गरेको रकमको १०%ले हुने रकम यस संस्थाको नाममा नगदमा वा संस्थाको बैंक खातामा अनिवार्य रूपमा सोहि दिन धरौटी बापत दाखिला गर्नु पर्ने छ । तत्काल उल्लेखित १०% रकम नबुझाएमा सो पछिको सबै भन्दा बढी डाक बोल्ने व्यक्ति वा फर्मका नाममा लिलाम सकार गराइनेछ । बाँकी ९०% रकम लिलामी सकार गरेको मितिले ७ दिन भित्र संस्थामा बुझाई सक्नु पर्नेछ अन्यथा उक्त धरौटी रकम जफत हुनेछ ।
६. लिलामी बिक्री गरिने सम्पत्ती सम्बधि कुनै जानकारी चहिएमा वा स्थलगत निरीक्षण गर्न चाहेमा संस्थाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।
७. लिलाम बिक्रीको लागि तोकिएको समय सीमा सम्म उल्लेखित सम्पत्ति कसैले लिलाम सकार गरि लिन नचाहेमा वा आफूले कबोल गरेको रकमको १०% रकम नबुझाएमा सो सम्पत्तिको स्वामित्व सहकारी ऐन २०७४को दफा ७९ तथा सहकारी नियामावली २०७५को नियम ३५ बमोजिम निर्धारित पञ्चकृत मूल्यमा संस्था आफैले सकार गरि लिन सक्नेछ ।
८. लिलाम सकार गर्नेले सकार गरेको पूरा मूल्य रकम उक्त समय भित्र बुझाएमा लिलाम सकारेको उक्त घर जग्गा निजको नाममा दाखिल खारेज गरि दिनका लागि सम्बन्धित कार्यालयमा लेखी पठाइनेछ । दाखिल खारेज गर्दा लागने दै-दस्तुर वा राजश्व समेत सकार गर्ने आफैले व्यहोर्न पर्नेछ ।
९. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्चहरू ऋणी स्वयम्ले ब्यहोर्न पर्नेछ ।
१०. लिलाम बिक्री गरिने दिन तथा समयमा उपस्थित हुन ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत जानकारी गराइन्छ । निजहरू अनुपस्थित रहेमा पनि लिलामी रोकिने छैन ।
११.लिलाम बढाबढ यस सहकारीको कार्यालय महाराजगंज-३ मा हुनेछ ।

प्रभाव दैनिक

रूपशाला

## '३६को आँकडा'को फस्टलुकमा रेखा र पूजा

अभिनेत्री रेखा थापाको होम प्रोडक्सनमा तयार हुन लागेको नयाँ फिल्म '३६को आँकडा' को फस्ट लुक पोस्टर सार्वजनिक भएको छ । पोस्टरमा मुख्य भूमिकामा रहेका रेखा थापा र पूजा शर्मा फिचर छन् । प्रहरी अधिकारीको भूमिकामा प्रस्तुत भएकी रेखाले पूजालाई हतकडी लगाएर नियन्त्रणमा लिएको देखिन्छ । पोस्टरमा रेखाको अनुहारमा सङ्घर्षपछि प्राप्त विजयको अभिव्यक्ति देखिन्छ भने पक्राउ परेकी पूजाको अनुहारमा अझै टक्कर जारी रहेको भाव झल्किन्छ । सबिर श्रेष्ठको निर्देशनमा बन्ने यो फिल्म आगामी सोमबारबाट फ्लोरमा जानेछ ।



आइतबार, ०१ भदौ, २०८२ (Sunday, 17 August 2025)

# फिरोजको निर्देशनमा 'कहाँ गयौ तिमी...' निर्माण घोषणा






■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'कहाँ गयौ तिमी...' निर्माणको घोषणा गरिएको छ । सहारा फिल्म्सको प्रस्तुति रहने चलचित्रको शनिबार श्रीकृष्ण जन्माष्टमीको दिन पारेर टाइटलसहित निर्माण घोषणा गरिएको हो ।

फिरोज तिमलसेनाले निर्देशन गर्ने चलचित्र लभस्टोरी जनरामा रहनेछ । नामले लभस्टोरी संकेत गरे पनि निर्माणपक्षले भने यसबारे केही जानकारी दिएको छैन ।

तर, टाइटल अनाउन्स्मेन्ट पोस्टरमा रहेको कालो बादल र एकलासमा रहेको एउटा घर र रूखले छोडिएको मायाको वरिपरि कथा रहने संकेत गरेको छ । टाइटलमा रहेको कालो र रातो कलरले पनि शंकाबीचको प्रेम, आशा, विछोड र मिलनको कथा चलचित्रले भन्ने अनुमान लगाउन सकिन्छ । चलचित्रको कथा जीवन आचार्यको रहने चलचित्रमा प्रकाश नेपालीको संगीत रहनेछ ।

फिरोज टेलिभिजन होस्ट हुँदै निर्देशनमा प्रवेश गरेका सर्जक हुन् । उनले नेपाल आइडल सिजन-१ को रियालिटी प्रोडुसर तथा एपिसोड डिरेक्टरको काम गरेका थिए । भ्वाइस अफ नेपालको फाउन्डर, क्रिएटिभ हेड तथा चिफ एडीलगायत अनुभव संगालेका उनी अभिनेता पनि हुन् । 'दर्पण छाया-२'मा उनले अभिनय गरेका थिए । फिरोज गायक पनि हुन् ।

इन्जिनियरिङलाई पेसा बनाएर उनी पछिल्लो समय अमेरिकामा बस्दै आएका छन् । उनले अब चलचित्र निर्देशनमा डेब्यु गर्न लागेका हुन् ।

'कहाँ गयौ तिमी...'मा को-को कलाकार रहनेछन्, त्यो भने निर्माणपक्षले खुलाएको छैन । निर्माता पनि को रहने जानकारी दिइएको छैन । चलचित्रको छायांकन, प्रदर्शन र अन्य टिमबारे चाँडै जानकारी दिने निर्देशक फिरोजले बताए ।

यो चलचित्रको घोषणा गर्दै उनले सामाजिक सञ्जालमार्फत लेखेका छन्, 'शब्द र भावना भनेको घरमा काम लाग्छ भनेर जतन गरी राखेको सियो जस्तो रहेछ, चाहिने बेला कहिले फेला पर्दैन । आज सिनेमा निर्देशनमार्फत नयाँ यात्राको सुरुवात गर्दा खुशी र जिम्मेवारी दुवै महसुस भएको छ । सम्पूर्ण टिमप्रति कृतज्ञता प्रकट गर्दै आगामी दिनमा फिल्मबारे थप जानकारी दिने प्रतिज्ञा गर्दछु ।'

# 'अभिमन्यु'को 'लड्की गोरी'मा जुनाको आइटम डान्स

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'अभिमन्यु : च्याप्टर-१'को नयाँ गीत सार्वजनिक भएको छ । भोजपुरी लवजमा रहेको गीत 'लड्की गोरी' सार्वजनिक गरेको हो । गीतमा शब्द, संगीत र स्वर प्रशान्त शिवाकोटी र प्रेरणा सिंहको छ । संगीत संयोजन विषम आचार्यले गरेका छन् । गीतमा आइटम डान्स जुना सुन्दासको छ । कोरियोग्राफी रोहन विश्वकर्माको छ ।

गीत भोजपुरी लवजमा रहे पनि भाषा भने नेपाली प्रयोग गरिएको छ । नृत्य र कोरियोग्राफी पनि भोजपुरी गीतको जस्तै छ । युवायुवतीको एकअर्काप्रतिको चाह गीत र भिडियोमा देख्न सकिन्छ ।

चलचित्रमा तराईको भूमिका पात्र र कथा रहेकाले त्यही क्षेत्रमा प्रचलनमा रहको भोजपुरी शैलीको गीत तयार पारेको देखिन्छ । गीत डान्सिङ नम्बरमा छ ।

चलचित्र 'अभिमन्यु : च्याप्टर-१' भदौ २७ गते रिलिज हुँदैछ । हिन्दी भर्सन असोज ६ अर्थात् (सेप्टेम्बर २२) मा रिलिज हुने निर्माण पक्षले जनाएको छ । हिन्दी भर्सन पनि वर्ल्डवाइड रिलिज हुने निर्माता विनोद पौडेलले जानकारी दिएका छन् ।

चलचित्रले पैसाको प्रलोभनमा चक्रव्यूहमा फस्ने र त्यहाँबाट उम्किन खोज्ने व्यक्तिको संघर्षको कथा भन्ने बताइएको छ ।

पोस्टप्रोडक्सनमा रहेको चलचित्र 'अभिमन्यु : च्याप्टर-१'को मुख्य भूमिकामा कामेश्वर चौरासिया, सरिता गिरी, गौमाया गुरुङ, लक्ष्मी बर्देबा, शिशिर वाङ्देल, किरण श्रेष्ठ, प्रकाश दाहाल, सुष्मा निरौला छन् ।



सेभेन सिज सिनेमाको प्रस्तुति निर्माण भएको सिनेमा 'अभिमन्यु : च्याप्टर-१'लाई सुशान्त गौतमले निर्देशन गरेका छन् । यो उनको डेब्यु निर्देशन हो ।

मुकेश खनालको लेखन रहेको चलचित्रको क्रिएटिभ निर्देशक मदन थापा हुन् ।

'अभिमन्यु : च्याप्टर-१' का निर्माता विनोद पौडेल र गुञ्जन गिरी हुन् । रमेश चौलागाई र हरि श्रेष्ठ सह-निर्माता रहेको चलचित्रका कार्यकारी निर्मातामा विशाल लामा, हरि मोक्तान, कृष्ण भट्टराई, नीराजन लुइँटेल र सन्देश श्रेष्ठ रहेका छन् ।

जीवन शाक्य लाइन प्रोड्युसर रहेको यस चलचित्रमा मनोज श्रेष्ठ भिएफएक्स, सुप्रिम पराजुली रंग सम्योजन, मदन घिमिरे सम्पादक रहेका छन् । 'अभिमन्यु'मा शरद महतोको डिओपी रहेको छ ।



'टप एन्ड टी-२०' सिरिज

# नेपाल लगातार दोस्रो खेलमा पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं–** अस्ट्रेलियाको डार्विनमा जारी टप एन्ड ट्वान्टी-२० शृंखलामा नेपालले लगातार दोस्रो हार बेहोरेको छ ।

शनिबार मरारा क्रिकेट ग्राउण्ड २ मा सम्पन्न खेलमा नेपाल बंगलादेश 'ए' सँग ३२ रनले पराजित भयो ।

पहिलो खेलमा नेपाल स्थानीय क्लब नर्दर्न टेरिटोरी स्ट्राइकरसँग ४२ रनले पराजित भएको थियो । यता बंगलादेशको यो पहिलो जित हो । पहिलो खेलमा बंगलादेशले पाकिस्तान शाहीन्ससँग ७९ को हार बेहारेको थियो । बंगलादेशले प्रस्तुत गरेको १८७ रनको लक्ष्य पछ्याएको नेपालले २० ओभर नै ब्याटिङ गरे पनि सात विकेट गुमाउँदै १५४ रन बनायो ।

नेपालका लागि कुशल मल्लले ४७ बलमा ६ चौका र एक छक्काको मद्दतले अविजित ५९ रनको योगदान गरे । यसैगरी आसिफ शेखले २८, लोकेश बमले १५, नन्दन यादवले अविजित १४, कुशल भुर्तेलले १२ र कप्तान रोहितकुमार पौडेलले १० रन बनाए ।

बंगलादेशका लागि राकिब उल हसनले तीन, हसन महमदले दुई तथा तुफ्याल अहमद र रिपोन मण्डलले समान एक विकेट लिए ।

त्यसअघि टस जितेर ब्याटिङ गरेको बंगलादेशले निर्धारित २० ओभरमा ६ विकेट गुमाउदै १८६ रनको योगफल तयार पारेको थियो ।

बंगलादेशका लागि जिसन आलमले ४६ बलमा पाँच छक्का र चार चौकाको मद्दतले सर्वाधिक ७३ रनको योगदान गरे । यसैगरी अफिफ हुसेनले अविजित ४८, मोहम्मद नइमले २५ र सइफ हसनले ११ रन बनाए ।

नेपालका लागि रिजन ढकालले दुई तथा करण केसी, नन्दन यादव र सन्दीप लामिछानेले समान एक विकेट लिए । अब नेपालले सोमबार मेलबर्न स्टार्स एकेडेमीको सामना गर्नेछ ।

# पर्वतीय दौडको प्रथम पुरस्कारको प्रायोजक बने गुरुङ

■ प्रभाव संवाददाता

**काठमाडौं–** अन्तर्राष्ट्रिय म्याराथन धावक तथा सहारा युकेका पूर्व अध्यक्ष लेफ्टिनेन्ट (अवकास प्राप्त) कुसाङ गुरुङले दोस्रो पर्वतीय दौड प्रतियोगितामा खुलातर्फको प्रथम पुरस्कार प्रायोजन गरेका छन् । पर्वत जिल्लामा जन्मिएका गुरुङले प्रथम पुरस्कार बापत ५० हजार रूपैयाँ आयोजक पोखरा क्लिकलाई उपलब्ध गराउने सम्झौता भएको हो ।

सम्झौता सहारा क्लबका पूर्व अध्यक्ष विक्रम थकाली र प्रतियोगिताका संयोजक दीननाथ बराल बीच आदानप्रदान भएको थियो । बेलायतमा रहेर पनि जन्मभूमि र खेल पर्यटन प्रवर्द्धनमा निरन्तर सक्रिय गुरुङले प्रतियोगिताको सफलताको शुभकामना दिँदै प्रतियोगितालाई दिगो रूपमा आयोजना गर्न सुझाव दिए । 'कामको सिलसिलामा विदेशमा भए पनि जन्मभूमि र खेल पर्यटनको विकासमा योगदान दिन पाउँदा खुसी लागेको छ," गुरुङले भने ।



पूर्व अध्यक्ष थकालीले गुरुङको सहयोगलाई 'प्रशंसनीय र प्रेरणादायी' भन्दै खेलकुदमार्फत् अन्तर्राष्ट्रियस्तरमा नेपालको नाम उच्च राख्न गुरुङको योगदान अविस्मरणीय रहेको बताए। प्रतियोगिताका संयोजक बरालले विदेशबाटै पहिलो पटक प्रथम पुरस्कार प्रायोजन भएकाले थप प्रोत्साहन मिलेको धारणा राखे ।

सम्झौता हस्तान्तरण कार्यक्रममा सहारा क्लबका अध्यक्ष केशवराज बराल, पोखराका अग्रज फोटो पत्रकार सुर्दशन रञ्जितको उपस्थित थिए । लगातार तीन पटक मलेसियाको माउन्ट किनाबालु अन्तर्राष्ट्रिय क्लाइमाथनको विजेता कुसाङले एभरेस्ट म्याराथनलगायत थुप्रै प्रतिष्ठित दौडमा नेपालको प्रतिनिधित्व गरेका छन् ।

असोज ४ गते हुने प्रतियोगितामा यस पटक पुरस्कार रकममा वृद्धि गरिएको छ । गत वर्ष शीर्ष ६ धावकलाई ६८ हजार रूपैयाँ पुरस्कार प्रदान गरिएको थियो भने यस वर्ष १८ जनलाई २ लाख ६ हजार रूपैयाँ प्रदान गरिनेछ । प्रतियोगितामा खुलातर्फ प्रथम हुनेले ५० हजार रूपैयाँ गर्नेछन् । यस्तै, दोस्रोदेखि पाँचौंलाई क्रमशः ३० हजार, १५ हजार, ६ हजार र ३ हजार प्रदान गरिनेछ । यता छैटौं देखि १०औं स्थानमा रहनेले जनही १ हजार रूपैयाँ पाउने छन्। गत वर्ष खुलातर्फका शीर्ष तीनलाई क्रमशः २५ हजार, १५ हजार र सातहजार रूपैयाँ प्रदान गरिएको थियो ।

यसैगरी, वडास्तरीय खुला, महिला र यु-१६ तर्फका विजेता जनही १५ हजार र उपविजेता ७ हजार रूपैयाँ पाउने भएका छन् । प्रतियोगितामा यस वर्ष ४० वर्ष माथिका भेट्रान र विदेशी धावकलाई प्रोत्साहन पुरस्कारको समेत व्यवस्था गरिएको आयोजक संस्थाले जनाएको छ । भेट्रान र विदेशी इभेन्टका विजेतालाई जनही १५ हजार रूपैयाँका दरले प्रोत्साहन पुरस्कार प्रदान गरिनेछ ।

## दक्षिण अफ्रिकाविरुद्धको शृंखला अस्ट्रेलियालाई

**काठमाडौं–** दक्षिण अफ्रिकाविरुद्धको ट्वान्टी-२० शृंखला घरेलु टोली अस्ट्रेलियाले आफ्नो पक्षमा पारेको छ ।

काजालीज रंगशालामा शनिबार सम्पन्न तेस्रो तथा निर्णायक खेलमा अस्ट्रेलिया दुई विकेटले विजयी भयो । यस जितसँगै अस्ट्रेलियाले तीन खेलको शृंखला २-१ ले आफ्नो पक्षमा पार्यो । यसअघि अस्ट्रेलिया १७ र दक्षिण अफ्रिका ५३ रनले विजयी भएका थिए ।

दक्षिण अफ्रिकाले प्रस्तुत गरेको १७३ रनको लक्ष्य अस्ट्रेलियाले एक बल बाँकी रहँदा आठ विकेट गुमाउँदै पूरा गर्‍यो ।

अस्ट्रेलियाका लागि ग्लेन म्याक्सवेलले ३६ बलमा आठ चौका र दुई छक्काको मद्दतले अविजित ६२ रनको योगदान गरे । यसैगरी कप्तान मिचेल मार्शले ३७ बलमा पाँच छक्का र तीन चौकासहित ५४, ट्रभिस हेडले १९ र टिम डेविडले १७ रन बनाए ।

दक्षिण अफ्रिकाका लागि कोर्बिन बोशले तीन, कागिसो राबडा र क्वेना माफाकाले समान दुई तथा कप्तान एडेन मार्करमले एक विकेट लिए ।

त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको दक्षिण अफ्रिकाले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १७२ रनको योगफल तयार पारेको थियो । दक्षिण अफ्रिकाका लागि डिवाल्ड ब्रेभिसले २६ बलमा ६ चौका र एक छक्काको मद्दतले सर्वाधिक ५३ रनको योगदान गरे । यसैगरी रस्सी भान डेर डुसेनले अविजित ३८, ट्रिस्टन स्टब्सले २५, लुआन ड्रे प्रिटोरियसले २४ र रायन रिकेल्टनले १३ रन बनाए ।

अस्ट्रेलियाका लागि नाथन एलिसले तीन, जोश हेजलउड र एडम जाम्पाले समान दुई विकेट लिए । *एजेन्सी*



भारतको मुम्बईमा शनिबार हिन्दूहरूको चाड कृष्ण जन्माष्टमीको उत्सव मनाउने क्रममा भक्तजनहरू मानव पिरामिड बनाएर दहीले भरिएको माटाको भाँडो फुटाउने प्रयास गर्दै । *तस्बिर: एपी*

# गाजामा दूषित पानी पिउन बाध्य, स्वास्थ्य संकट बढ्दै

**दाएर अल-बालाह–** गाजाको केन्द्रमा रहेको मुवासी शिविरमा बसोबास गरिरहेका सयौं हजार विस्थापितहरू चर्को गर्मी, पानीको अभाव र रोगसँग जुधिरहेका छन् । बिहानै घाम चर्किनुअघि पानीको लाइनमा उभिन बाध्य आमाहरू धमिलो, प्रदूषित पानी लिएर फर्किन्छन् र त्यो नै आफ्ना साना छोराछोरीलाई पिउन दिन्छन् ।

'हामीसँग अर्को विकल्प छैन,' उनले भने 'यही पानीले हामी र हाम्रा छोराछोरी बिरामी भइरहेका छौं ।' यस प्रकारको अवस्था अहिले गाजाको सामान्य दिनचर्या बनेको छ । प्रत्येक थोपा पानी अत्यन्तै मोल हुने भएकोले मानिसहरू पिउने, पकाउने, धुने र नुहाउने कार्यका लागि पानीलाई बाँडीचुँडी प्रयोग गरिरहेका छन् । पानी ढुवानी गर्ने ट्रकहरू दुई-तीन दिनमा मात्र आउने भएकाले मानिसहरू धमिलो पानीको स्टक गर्दै बाँच्न संघर्ष गरिरहेका छन् ।

जब पानी आउँदैन, केही मानिसहरू समुद्रको पानी बोतलमा भरेर प्रयोग गर्न बाध्य हुन्छन्- जुन स्वास्थ्यका लागि झनै खतरनाक हुन्छ ।

## स्वास्थ्य संकट गहिरिँदै

बाइस महिनायता इजरायलको आक्रमणपछि गाजामा पानीको पहुँच अत्यन्त सीमित भएको छ । इन्धन र बिजुलीको आपूर्तिमा रोक, समुद्री पानी शुद्ध गर्ने केन्द्रहरूको बन्द अवस्थाले यो संकटलाई अझ चर्काएको छ । पानीका पाइपलाइनहरू नष्ट भएका छन्, इन्फ्रास्ट्रक्चर बमबारीमा ध्वस्त छ र अधिकांश इनार अब पहुँचयोग्य छैनन् ।

संयुक्त राष्ट्रसंघीय शरणार्थी निकाय (युएनआरडब्लुए) का अनुसार अहिले गाजाका स्वास्थ्य केन्द्रहरूमा साप्ताहिक झण्डै १० हजार ३०० जना पानीजन्य संक्रमण (विशेषगरी झाडापखाला) का बिरामीहरू उपचारका लागि पुगिरहेका छन् ।

युनिसेफले दिएको तथ्यांकअनुसार, फेब्रुअरीमा झाडापखालाको दर २० प्रतिशतमात्र थियो, जुन जुलाईमा बढेर ४४ प्रतिशत पुगेको छ, जसले बालबालिकामा निर्जलीकरणको खतरा बढाएको छ ।

## फोहोर पानी पिउन बाध्य

अहिले धेरै मानिसहरू गहिरो जमिनबाट निकालिएको खार पानी (नुनिलो र अशुद्ध) पिउन बाध्य छन्, जुन पहिले सफा गर्न वा खेतीपातीका लागिमात्र प्रयोग गरिन्थ्यो । गाजाको पानी सेवा प्रमुख मोन्थर शोब्लाकका अनुसार उनीहरूले अस्पताल र नागरिकहरूलाई प्राथमिकता दिएर पानी बाँडिरहेका छन्, जसको अर्थ नाली र ढल सफा गर्न चाहिने पानी रोक्नु परेको छ ।

'खानाविना केही दिन बाँच्न सकिन्छ, तर पानीविना होइन,' शोब्लाकले बताए ।

## के केही आशा बाँकी छ ?

इजरायलले हालै केही पाइपलाइन पुन: जडान गरेको छ र एउटा शुद्धीकरण केन्द्रलाई बिजुली दिएको छ । साथै, संयुक्त अरब इमिरेट्सको सहयोगमा मिस्रको सीमामा बन्न लागेको नयाँ शुद्धीकरण केन्द्रबाट पानी आपूर्ति सुरु हुने आशा गरिएको छ ।

तर, मानवीय सहायता समूहहरूले चिन्ता व्यक्त गर्दै, यदि इजरायलले अझै नयाँ सैन्य कारबाही थाल्यो भने, विशेषगरी गाजा सहर र मुवासी क्षेत्रमा, पानी र सहायता पुन: अवरुद्ध हुनसक्ने बताएको छ ।

## जनताको त्रास

मुवासीको शिविरमा बसोबास गरिरहेका होस्नी शाहीन भने, 'यो पानीले बच्चालाई पेट दुख्ने बनाउँछ । जब छोराछोरीलाई यो पानी दिनुपर्छ, हामी सुरक्षित छौं जस्तो लाग्दैन ।' रासस/एपी

अमेरिका-रूस शिखर बैठक

# वार्ता सकारात्मक तर कुनै सम्झौता भएन

**एंकोरेज (अलास्का)–** अमेरिका र रूसबीच शुक्रबार अलास्काको एंकोरेज सहरमा शिखर बैठक भएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उक्त बैठकलाई 'अत्यन्तै फलदायी' भएको बताए ।


तर युक्रेन युद्ध समाधानका लागि अपेक्षित ठोस सहमति भने हासिल हुन सकेन । झण्डै तीन घण्टा लामो वार्तापछि आयोजित संयुक्त पत्रकार सम्मेलनमा राष्ट्रपति ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले केही महत्त्वपूर्ण विषयमा सहमति भएको जनाए पनि युद्धविराम वा अन्तिम समाधानसम्बन्धी ठोस निर्णय सार्वजनिक गरिएको थिएन ।

राष्ट्रपति पुटिनले वार्तालाई आपसी सम्मान र रचनात्मक वातावरणमा सम्पन्न भएको उल्लेख गर्दै युक्रेनको सुरक्षा सुनिश्चित गर्नु आवश्यक रहेको धारणा राखे । साथै, उनले द्वन्द्वका 'मूल कारणहरू' समाधान नगरी स्थायी शान्ति सम्भव नहुने भन्दै युरोपेली मुलुकहरूलाई उक्साउने प्रयास नगर्न आग्रह गरे ।




यद्यपि, दुवै नेताले संवाद र समझदारीलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका छन्, प्रारम्भिक चरणको यो बैठक तत्कालिक उपलब्धिविना टुंगिएको देखिएको छ । *रासस/सिन्ह्वा*

## युक्रेन युद्धविरामको जिम्मेवारी जेलेन्स्कीको काँधमा : ट्रम्प



**एंकोरेज (अलास्का)–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग अलास्काको एंकोरेजमा वार्ता गरेपछि युक्रेन युद्धविरामसम्बन्धी अन्तिम निर्णय युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीको हातमा रहेको बताएका छन् ।

फक्स न्युजलाई दिएको अन्तर्वार्तामा राष्ट्रपति ट्रम्पले आफू, पुटिन र जेलेन्स्कीबीच चाँडै एक संयुक्त बैठक हुने जानकारी दिए, यद्यपि बैठकको मिति र स्थानबारे विस्तृत विवरण दिएका छैनन् ।

'हामीसँग यसलाई पूरा गर्ने राम्रो सम्भावना छ,' ट्रम्पले भने । उनले युरोपेली मुलुकहरूलाई पनि अलिकति संलग्न हुनुपर्ने उल्लेख गर्दै, तर अन्तत: यो जिम्मेवारी जेलेन्स्कीको रहेको बताए ।

यसअघि शुक्रबार ट्रम्प र पुटिनबीच एंकोरेजस्थित संयुक्त बेस एल्मेण्डोर्फ-रिचार्डसनमा झण्डै तीन घण्टा लामो वार्ता भएको थियो । यो सन् २०२१ पछि दुई राष्ट्रपतिबीच भएको पहिलो प्रत्यक्ष भेटवार्ता थियो । *रासस/सिन्ह्वा*

## जेलेन्स्की ट्रम्पसँग भेट्न अमेरिका जाँदै

**किभ, युक्रेन–** युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले आगामी सोमबार अमेरिका भ्रमण गर्ने र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग युक्रेनमा जारी 'युद्ध तथा हिंसा' अन्त्यका उपायहरूबारे महत्त्वपूर्ण छलफल गर्ने बताएका छन् ।

शनिबार जारी एक आधिकारिक वक्तव्यमा जेलेन्स्कीले भने, 'म सोमबार वासिङ्टन, डिसीमा राष्ट्रपति ट्रम्पसँग भेटघाट गर्ने छु र युद्ध तथा हत्या रोक्नका लागि आवश्यक सबै विषयमा विस्तृत छलफल गर्ने छु । यो सम्मानजनक निमन्त्रणा पाउँदा म हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।' उनले यसअघि ट्रम्पसँग प्रारम्भिकरूपमा भएका संवादहरूलाई 'गम्भीर र फलदायी' भएको उल्लेख गर्दै, पछिल्लो चरणमा युरोपेली नेताहरू पनि सहभागी भई वार्ता थप प्रभावकारी बनेको जानकारी दिए ।

यो भेटवार्ता अमेरिकी राष्ट्रपति ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच अलास्कामा तीन दिनअघि सम्पन्न वार्तापछि तय गरिएको हो ।



अलास्काको बैठकमा अहिलेसम्म कुनै स्पष्ट युद्धविराम घोषणा वा ठोस सहमति भएको छैन ।

राष्ट्रपति जेलेन्स्कीले युरोपेली साझेदारहरूलाई वार्ताका सबै चरणमा सहभागी गराउन आग्रह गर्दै, आफू ट्रम्प र पुटिनसँग त्रिपक्षीय वार्ताका लागि पूर्णत: तयार रहेको दोहोऱ्याए । 'महत्त्वपूर्ण विषयहरू नेताहरूको तहमा सीधा छलफल गर्न आवश्यक छ,' उनले भने, 'त्रिपक्षीय वार्ताको ढाँचा प्रभावकारी र उपयुक्त हुने छ ।'

उक्त उच्चस्तरीय भेटवार्ताबाट युक्रेन युद्ध अन्त्यका प्रयासहरूलाई गति मिल्ने र अन्तर्राष्ट्रिय शान्ति पहलमा सकारात्मक प्रभाव पार्ने विश्वास गरिएको छ । *रासस/सिन्ह्वा*

पाकिस्तानमा बाढी र पहिरोको प्रकोप

# ३२० को मृत्यु, हजारौं प्रभावित

**वार्सा–** पाकिस्तानमा लगातारको भारी मनसुन वर्षाले निम्त्याएको बाढी र पहिरोका कारण पछिल्लो ४८ घण्टामा कम्तीमा ३२० जनाको ज्यान गएको छ ।

सबैभन्दा बढी क्षति खैबर पख्तुनख्वा प्रान्तमा भएको हो, जहाँ १८० जनाको मृत्यु भएको छ । पाकिस्तानअधीन कश्मीरमा नौ जना र गिलगित-बाल्टिस्तान क्षेत्रमा पाँच जनाको ज्यान गएको छ ।

बाढी र पहिरोका कारण महिलासहित धेरै बालबालिकाहरूको मृत्यु भएको छ । उद्धार कार्यका क्रममा मौसम खराबीका कारण प्रान्तीय सरकारको हेलिकप्टर दुर्घटना हुँदा दुई पाइलटसहित पाँच जनाले ज्यान गुमाएका छन् ।



सरकारले बुनर, बजौर, मानसेहरा र बट्टाग्राम जिल्ला 'विपद् प्रभावित क्षेत्र' घोषणा गरेको छ । स्थानीय बासिन्दाहरूले घटनालाई 'प्रलय' र 'प्रलयको दिन' सरह भयावह भएको बताएका छन् ।

पाकिस्तानको मौसम विभागले आगामी दिनमा झनै भारी वर्षा हुने चेतावनी दिँदै जोखिमयुक्त स्थानबाट टाढा रहन आग्रह गरेको छ । सरकारद्वारा शनिबारलाई शोकको दिन घोषणा गरिएको थियो, जहाँ राष्ट्रिय झण्डा आधा झुकाइयो । मृतकहरूलाई राज्य सम्मानसहित अन्त्येष्टि गरिने जनाइएको छ ।

जलवायु परिवर्तनका कारण पाकिस्तानमा यस्ता चरम मौसम घटनाहरू बढ्दो क्रममा छन् । यो वर्षको असामान्य मनसुनले अहिलेसम्म ५०० जनाभन्दा बढीको ज्यान लिइसकेको छ । *रासस/एएफपी*

## हडतालले एयर क्यानडाका सम्पूर्ण सेवा ठप्प, यात्रुहरू प्रभावित

**टोरण्टो–** एयर क्यानडाका करिब १० हजार उडान सहायक कर्मचारीहरूले पारिश्रमिक तथा कामको उचित मूल्यांकनको माग गर्दै शनिबारदेखि राष्ट्रव्यापी हडताल सुरु गरेका छन् । हडताल सुरु भएपछि एयर क्यानडाले सबै उडानहरू स्थगित गर्दै यात्रुहरूलाई विमानस्थल नजान आग्रह गरेको छ ।

क्यानाडियन युनियन अफ पब्लिक इम्प्लोइज (सियुपिई) का अनुसार शनिबार बिहान १२:५८ बजेबाट आन्दोलन औपचारिक रूपमा सुरु गरिएको हो । कम्पनीले आन्दोलन सुरु हुनु अगावै शुक्रबार साँझसम्म ६२३ उडान रद्द गरिसकेको थियो भने शनिबारका लागि तोकिएको सम्पूर्ण ७०० उडान पनि रद्द गरिएका छन् ।

यात्रु सेवाका क्रममा बोर्डिङ र तयारीका कामहरूमा पारिश्रमिक नदिइने परिपाटी हटाइनुपर्ने तथा मुद्रास्फीतिलाई मध्यनजर गर्दै तलब समायोजन गरिनुपर्ने युनियनको प्रमुख माग हो । युनियनका अनुसार एयर क्यानडाले पेस गरेको प्रस्ताव महँगीदरभन्दा पनि तल रहेको छ ।

विशेषज्ञहरूका अनुसार यो आन्दोलन लामो नजाने अनुमान छ, तर यसले मुलुकको आन्तरिक यातायात, पर्यटन र व्यापार क्षेत्रमा तत्काल प्रभाव पार्ने देखिन्छ । व्यावसायिक महासंघले यस्तो समयमा हवाई यातायात रोकिँदा आपूर्ति प्रणालीमा गम्भीर असर पर्ने चेतावनीसमेत दिएको छ । *रासस/एएफपी*

## रूसद्वारा युक्रेनमाथि ८५ ड्रोन र मिसाइल आक्रमण

**किभ, युक्रेन–** रुसले शुक्रबार राति युक्रेनमाथि ठूलो मात्रामा हवाई आक्रमण गर्दै ८५ वटा आत्मघाती ड्रोन र एकवटा 'इस्कान्दर-एम' प्रकारको बेलिस्टिक मिसाइल प्रहार गरेको युक्रेनी वायु सेनाले जनाएको छ । यी आक्रमणहरू शुक्रबार साँझदेखि सुरु भई रातभर जारी रहेको थियो ।

युक्रेनका अनुसार, राजधानी किभलगायत चारवटा अग्रपंक्ति क्षेत्रहरू लक्षित गरिएका थिए । युक्रेनी वायु सुरक्षाले तीमध्ये ६१ वटा ड्रोन खसाल्न सफल भएको जनाएको छ ।

यो आक्रमण त्यही दिन भएको हो, जुन दिन अमेरिकाको अलास्कामा रुसका राष्ट्रपति भ्लादिमिर पुटिन र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीच महत्त्वपूर्ण वार्ता सम्पन्न भएको थियो । यद्यपि, सो वार्ताबाट युक्रेन युद्ध अन्त्यका विषयमा कुनै ठोस सहमति हुन सकेन ।

रुसद्वारा सन् २०२२ फेब्रुअरीमा सुरु गरिएको युक्रेन आक्रमण अहिलेसम्म पनि रोकिएको छैन र हजारौं मानिसको ज्यान लिइसकेको छ । युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले भने वार्तापछि हालसम्म कुनै प्रतिक्रिया दिनुभएका छैनन् । *रासस/एएफपी*

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९६२०० | प्रति तोला – ० | प्रति तोला – २३१५ |



**इलामैको चिया खेती** | इलामको माई नगरपालिकास्थित चिलिम्कोट चिया बगानमा हरियो चियापत्ती टिप्दै मजदुरहरू ।
*तस्बिर : रामकुमार लिम्बू/रासस*

# समस्याग्रस्त सहकारीबाट ६७०० जनाको बचत फिर्ता

**काठमाडौं–** भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले सहकारी समस्या समाधानमा सरकार सक्रिय रहेको बताउँदै हालसम्म छ हजार ७०० जनाको बचत फिर्ता भएको जानकारी दिएका छन् ।

साथै उनले संवैधानिक व्यवस्थानुसार भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउन भूमिसम्बन्धी विधेयक सदनबाट पारित गर्ने प्रयास भएको बताएका छन् ।

मन्त्री अधिकारीले घर जग्गा व्यवसाय गर्न अनुमति लिएका कम्पनीले हदभित्रको जग्गा विकास गरी घडेरी वा त्यस्तो घडेरीमा घर वा आवास इकाई (अपार्टमेन्ट) निर्माण गरी बिक्री गर्न पाउने कानुनी व्यवस्था मिलाउन तथा भूमिहीन दलित र सुकुमबासीलाई जग्गा उपलब्ध गराउन तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्न विधेयक प्रस्तुत गरिएको बताएका छन् ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले बितेका १८ महिनामा गरेका प्रमुख काम र भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयकमा केन्द्रित रहेर मन्त्री अधिकारीले रासस प्रतिनिधिसँग भने, 'सरकार जनताको अभिभावक भएकाले उनीहरूका समस्या समाधान गर्नुपर्छ, नमिलेका कानुन मिलाउनुपर्छ, सबै समस्याको सम्बोधन गर्दै रोजगारी दिलाउनुपर्छ । 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षालाई पूरा गर्नेतर्फ लाग्नुपर्छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण जनतासँग प्रत्यक्ष जोडिएको मन्त्रालय हो । यसमा गरिबी निवारणसँग सम्बन्धित काम अन्य निकायले समेत गर्दै आएका छन् । नाम भने हामीसँग छ । गरिबी निवारण भनिसकेपछि त्यससँग सम्बन्धित जुनसुकै सरोकारबाला निकाय हुन् उनीहरूसँग सम्बन्ध र समन्वय गरेर कार्यक्रम लैजानुपर्छ भन्ने हाम्रो मन्यता छ । कहाँ गरिब बस्ती छ, कति परिवार छन् छुट्याउने काम हाम्रो हो । त्यसैका आधारमा यससँग सम्बन्धित १४ वटा मन्त्रालयले एकीकृत योजना लागू गर्नुपर्छ । अहिले हामी गरिब पहिचान गर्दैछौं । एक वर्षभित्र सो कार्य सम्पन्न गर्छौं । यसमा प्राथमिकताका साथ अघि बढ्ने र जग्गासम्बन्धी काम गर्नुपर्नेछ । लामो समयदेखि नै बसोबास गर्दै आए पनि अहिले कैयौं स्थानका नागरिकले अझै आफ्नो नाममा जग्गा छैन भन्नुपर्ने अवस्था छ ।

> समस्याग्रस्त सहकारी समस्या समाधान समितिमार्फत बचतकर्ताको करिब रु चार अर्ब बाँडफाँट भएको छ । हालसम्म छ हजार ७०० जनाको बचत फिर्ता भइसकेको छ । करिब ५६ हजारको आंशिक रकम फिर्ता गरिएको छ । समस्याग्रस्त घोषणा भएका मध्ये तीन वटाको हिसाबकिताब "राफसाफ" भइसकेको छ । दुई वटाको काम अन्तिम चरणमा पुगेको छ ।

यसलाई छिटो हल गर्नुपर्छ भन्ने सरकारको दृष्टिकोण हो । त्यस सिलसिलामा नमिलेका कानुनलाई मिलाउनुपर्छ । सोसम्बन्धी समस्या समाधान गर्न मालपोत र नापी निर्देशिका जारी गरिसकिएको छ । केही नियमावली बनाएर समस्या समाधान गरिएको छ । सरकारले भूमि समस्या समाधान आयोग गठन गरेको छ । विगतमा पनि धेरै आयोग गठन गरियो, तर ठोस काम भएन भन्ने गुनासो छ । विगतमा पनि आयोग बने तर तिनलाई अधिकार दिइएन । कतिपय अवस्थामा सरकारको फेरबदल भएसँगै पूर्ण अवधि आयोगले काम गर्न पनि पाएनन् । यी सबै कारणले जति परिणाम दिनुपर्थ्यो त्यो नभएकै हो ।

भूमिसम्बन्धी विधेयक संसदीय समितिमा विचाराधीन छ । विधेयक ल्याउनुको उद्देश्यविपरीत भ्रम फैलाउने प्रयास भएको छ । प्रस्तुत विधेयकले भूमिसम्बन्धी ऐन, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐन र वन ऐनका केही दफामा संशोधन प्रस्ताव गरेको छ । नेपाल भूमि कायम हुँदाका बखतदेखि नै बसोबास गरिरहेकाले पनि हालसम्म लालपुर्जा प्राप्त नगरेको अवस्था छ ।

त्यसैगरी २००७, २०१२, २०१९, २०२०, २०२८ र २०३६ मा पनि नयाँ बस्ती बसेका छन् । त्यस्ता वासोबासीले जग्गाको स्वामित्व पाएका छैनन् । सरकारले पनि ती बस्ती हटाउन नसक्ने, बरु त्यहाँ नागरिकको सहजताका लागि सडक, पानी, विद्युत् सबै सुविधा उपलब्ध गराएर त्यसका आधारमा नागरिकता, राष्ट्रिय परिचयपत्र, मतदाता परिचयपत्र दिएको छ । तर जग्गाको लालपूर्जा नदिइँदा जनताको भूमिसम्बन्धी हक खोसिनाका साथै राजस्व पनि गुमिरहेको अवस्था छ । त्यसकारण यो अवस्थालाई अन्त्य गर्न प्राथमिकताका साथ उनीहरूलाई लालपूर्जा उपलब्ध गराउने प्रयास भइरहेको छ । तर, 'लौ सरकारी जग्गा मास्ने भए, हुने खानेलाई सयौं विगाह दिने भए, वनजंगल मास्ने भए' भन्ने हल्ला फिँजाइएको छ । यस्ता भ्रामक कुराबाट हामी सबै मुक्त हुनुपर्छ ।

तराईमधेसमा बसोबास गर्ने भूमिहीन दलित र सुकुमबासीले आफूले भोगचलन गरेका छन्भने पौने छ क√ासम्म जग्गाको पूर्जा प्राप्त गर्न सक्छन् । त्यसरी वितरण गर्ने जग्गा स्थानीय तहले वर्गीकरण गर्दा बस्ती र घडेरीयोग्य भनी छुट्टयाएमा त्यही घडेरी पाउँछन् । गाउँको बस्तीमा रहेछ भने तीन क√ा, सहरी इलाकाको बस्तीमा रहेछ भने १० धुर प्रदान गरिने छ । प्राकृतिक विपद्को जोखिमयुक्त क्षेत्रमा बसोबास गरेकालाई सुरक्षित स्थानमा जग्गा उपलब्ध गराइने छ ।

मन्त्रालयका अर्को मुख्य काम सहकारीसम्बन्धी समस्या समाधान गर्नु हो । कतिपय सहकारी उद्देश्य विपरित सञ्चालन गरिएको, बचतकर्ताको रकम हिनामिना भएको र त्यसबाट बचतकर्ता मर्कामा परे भन्ने कुरा आएपछि मन्त्रालयले विज्ञको रायका आधारमा समस्या समाधानका प्रयासलाई प्रभावकारी रूपमा अघि बढाएको छ । त्यसलाई निष्कर्षमा पुऱ्याउन कानुनीलगायत संरचनागत व्यवस्था पनि गरिएको छ । समस्याग्रस्त सहकारी समस्या समाधान समितिमार्फत बचतकर्ताको करिब रु चार अर्ब बाँडफाँट भएको छ । हालसम्म छ हजार ७०० जनाको बचत फिर्ता भइसकेको छ । करिब ५६ हजारको आंशिक रकम फिर्ता गरिएको छ । *रासस*

# 'निजी क्षेत्रलाई लगानी गर्ने वातावरण बनाउनुपर्छ'

■ **प्रभाव संवाददाता**

**भैरहवा (रूपन्देही)** – संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले निजी क्षेत्रलाई रातो कार्पेट बिछ्याएर लगानी गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिएका छन् ।

गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलको दिगो सञ्चालनबारे शनिबार सिद्धार्थ उद्योग वाणिज्य संघ, भैरहवाले आयोजना गरेको छलफलमा मन्त्री पाण्डेले निजी क्षेत्रलाई निषेध गर्न नमिल्ने उल्लेख गरे ।

उनले भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल जसरी सञ्चालन गर्न लागि आफू लागेको पनि उल्लेख गरे । 'विमानस्थल सञ्चालनको जिम्मा पनि निजी क्षेत्रलाई दिने विषयमा छलफल भएको छ', उनले भने, 'सुरक्षा, अध्यागमनलगायत विषय सरकार मातहत आउने भएकाले निजी क्षेत्रलाई आकर्षित गर्न सकिन्छ ।'



मन्त्री पाण्डेले गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलको प्रभावकारी सञ्चालन पर्यटनमन्त्रीको मात्रै चाहनाले सम्भव नहुने उल्लेख गर्दै सबै पक्षको सहयोग आवश्यक भएको बताए । उनले प्रधानमन्त्री केपी शर्मा ओलीको निकट भविष्यमै हुने भारत भ्रमणको क्रममा हवाई रुट परमिट, नेपालका दुई विमानस्थल सञ्चालनको विषय प्राथमिकताका साथ उठाउने गरी काम भइरहेको बताए ।

त्यस अवसरमा सिद्धार्थनगर नगरपालिकाका प्रमुख इस्तियाक अहमद खानले विमानस्थल सञ्चालन हुन नसक्नु दुःखद भएको बताए । काठमाडौंमा उडान चापले हवाईमार्ग अवरुद्ध भइरहँदा विमानलाई भैहरवामा अवतरण गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिए ।

नेपाल उद्योग वाणिज्य महासंघका सदस्य राजेशकुमार अग्रवाल र सिद्धार्थ उद्योग वाणिज्य संघका निवर्तमानमा अध्यक्ष ठाकुरकुमार श्रेष्ठले भैरहवा र पोखरास्थित विमानस्थल निजी क्षेत्रलाई सञ्चालन गर्न दिनुपर्ने धारणा राखे ।

सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्रप्रसाद आचार्यले विमानस्थल चल्छ की चल्दैन ? भन्ने कुरा सरकारले प्रष्ट पार्न आवश्यक रहेको बताए । 'हामीलाई सधैं निराशामा राख्न हुँदैन, विमानस्थल चलाउन सकिँदैन भने सक्दैनौं भन्नुपर्छ', उनले भने ।

विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीले यात्रुलाई थप सुविधा नदिँदासम्म विमानस्थल सञ्चालनमा कठिनाइ हुने बताए । 'श्रम, भिसा र म्यानपावरका लागि काठमाडौं धाउन परेपछि यहाँ यात्रु किन आउँछन् ? पहिला यी समस्या समाधान गर्नुपर्छ', उनले भने ।

उनले यसअघि केही समय उडान भरेका जजिरा र थाई एयर एसियाले ७७ प्रतिशत यात्रु पाउँदा नियमितता दिन नसकेको जनाए । तत्कालका लागि नेपाल एयरलाइन्सबाट भए नियमित उडान गर्नुपर्नेमा उनको जोड छ ।

**चालु आवको पहिलो महिना**

# आम्दानी ८५ अर्ब, खर्च ४६ अर्ब

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो महिना सरकारले रू ८५ अर्ब १९ करोड आम्दानी गर्दा रू ४६ अर्ब ३० करोड खर्च गरेको छ । महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार चालु आवको पहिलो महिना वार्षिक लक्ष्यको पाँच दशमलव ५६ प्रतिशत आम्दानी र दुई दशमलव ३६ प्रतिशत खर्च भएको हो ।

सरकारले चालु आवमा रू १५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख राजस्व उठाउने लक्ष्य राखेको छ । साउन मसान्तसम्ममा कर राजस्वबाट रू ८० अर्ब ६७ करोडभन्दा बढी अर्थात् वार्षिक लक्ष्यको छ दशमलव ०९ प्रतिशत र गैरकर राजस्वबाट रू तीन अर्ब ७९ करोड ५० लाख अर्थात् वार्षिक लक्ष्यको दुई दशमलव ४६ प्रतिशत संकलन भएको विवरणमा उल्लेख छ । यस्तै, वैदेशिक अनुदानबाट रू ४२ करोड १९ लाख र अन्य प्राप्तिबाट रू ३० करोड ८९ लाख राजस्व सरकारी खातामा जम्मा भएको छ । यस वर्ष रू १३ खर्ब २५ अर्ब ५८ करोड ३९ लाख कर राजस्व, रू एक खर्ब ५४ अर्ब ४१ करोड ६१ लाख गैरकर राजस्व र रू ५३ अर्ब ४४ करोड ६९ लाख वैदेशिक अनुदान उठाउने सरकारको लक्ष्य छ ।

चालु आवका लागि रू १९ खर्ब ६४ अर्ब ११ करोड बराबरको बजेट ल्याइएकामा साउन मसान्तसम्ममा रू ४६ अर्ब ३० करोड ६१ लाख बराबर खर्च भएको छ । चालुतर्फ रू ११ खर्ब ८० अर्ब ९८ करोड बजेट विनियोजन भएकामा हालसम्म एक दशमलव ५६ प्रतिशत अर्थात् रू १८ अर्ब ४७ करोड ९८ लाख बराबर खर्च भएको महालेखाले जनाएको छ ।

यस्तै, पुँजीगत शीर्षकमा रू चार खर्ब सात अर्ब ८८ करोड ८० लाख विनियोजन भएकामा शून्य दशमलव १८ प्रतिशत अर्थात् रू ७२ करोड ६३ लाख मात्रै खर्च भएको छ । पहिलो महिनामा सबैभन्दा धेरै खर्च वित्तीय व्यवस्था शीर्षकमा भएको छ । चालु आवका लागि वित्तीय व्यवस्था शीर्षकमा रू तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख बराबर विनियोजन भएकामा साउन मसान्तसम्म सात दशमलव २२ प्रतिशत अर्थात् रू २७ अर्ब १० करोड खर्च भएको छ ।

# डिप बोरिङमार्फत ३०० हेक्टरमा सिँचाइ, १३ आयोजना हस्तान्तरण

**नारायणगढ–** भरतपुर महानगरमा निर्माण भएका १३ वटा भूमिगत जल सिँचाइ आयोजना उपभोक्ता समितिलाई हस्तान्तरण गरिएको छ ।

भरतपुर-२३ आलमघाटमा शनिबार आयोजित एक कार्यक्रममा समितिलाई आयोजना हस्तान्तरण गरिएको हो । ती आयोजनामार्फत करिब तीन सय हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको जनाइएको छ ।

वैकल्पिक सिँचाइ अभाव भएका क्षेत्रमा सेवा पुगोस् भन्ने उद्देश्यले आयोजना निर्माण गरिएको भूमिगत जल सिँचाइ आयोजना चितवनका कार्यालय प्रमुख विश्वबन्धु केसीले बताए । उनका अनसुसार हस्तान्तरण भएका आयोजना नर्मदेश्वर र मनकामना (भरतपुर-१५), रुखेनी (भरतपुर-१८), सङ्गम, सम्झौता र जुनतारा (भरतपुर-२१), पटिहानी पर्सा (भरतपुर-२२), ठाडोखोला, केरुङ, साँङ्गे र फाल्गुनी (भरतपुर-२३), भगौली (भरतपुर-२५) र भ्याउरेटाँडी (भरतपुर-२७) रहेका छन् ।

आयोजनामा करिब रु सात करोड ३२ लाख ७९ हजार ४४५ खर्च भएको छ । साथै कुल १९ हजार पाँच सय ३१ मिटर पाइपलाइन जडान गरिएको छ । यसले भरतपुरका खडेरीग्रस्त क्षेत्रमा डिप बोरिङमार्फत पानी आपूर्ति भई उत्पादनशील जमिन विस्तार गरेको छ ।

उपभोक्ता किसानले परियोजनाबाट खडेरी समयमा बाली लगाउन सहज भएको अनुभव बताएका छन् । पटिहानी पर्साका सेवाग्राही यमप्रसाद लामिछानेले आयोजना निर्माणले सिँचाइ समस्या समाधान भएको बताए । त्यस्तै, भरतपुर-१५ नर्मदेश्वर आयोजनाका मनिभद्र कँडेलले खडेरी जमिनमा पानी पुगेपछि किसान खुसी भएको उल्लेख गरे । फाल्गुनी र केरुङ्ग आयोजनाका सेवाग्राही अनिता वाइवा र कमलाकुमारी विश्वकर्माले भूमिगत जलस्रोतमार्फत अब खेतबारीमा सिँचाइको सुविधाले सहज भएको बताए । त्यस अवसरमा भरतपुर महानगर प्रमुख रेनु दाहालले भरतपुरका पश्चिमी क्षेत्रमा सिँचाइ अभावले जनिम बाँझो हुने समस्या समाधान भएको बताइन् । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, **इमेल**: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ